# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३०५ | काठमाडौं | शनिबार, १७ फागुन २०८१ | Prabhab National Daily | Saturday, March 01, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




मुलुकको प्रमुख पर्यटकीय क्षेत्र रारा तालको प्रवेशद्वार र छायाँनाथ रारा नगरपालिका–८ स्थित सल्लेरीमा शुक्रबार परेको हिमपात ।
*तस्बिरः नृपेन्द्रबहादुर मल्ल/रासस*

## हिमपातले मनास्लु क्षेत्रमा पर्यटकलाई सास्ती

**गोरखा (प्रस)**– बाक्लो हिमपातका कारण उत्तरी गोरखाको मनास्लु क्षेत्रमा घुम्न पुगेका पर्यटकलाई पदयात्रामा कठिनाइ भएको छ । शुक्रबार बिहानदेखि चुमनुब्री गाउँपालिका-१ साम्दोसहित सामागाउँ, ल्हो, स्याला र आसपासका क्षेत्रमा बाक्लो हिमपात भएपछि पर्यटक होटलमा आश्रय लिएर बसेका छन् ।

चुमनुब्री-१ का वडाध्यक्ष कर्माछेवाङ लामाले लार्केपास गर्न हिँडेका पर्यटक हिमपातले गर्दा साम्दो गाउँमा रोकिएका बताए । 'साम्दोमा रहेका होटल जम्मालमा १४ जना पर्यटकले आश्रय लिएर बसिरहेका छन्,' होटलका सञ्चालक निमादोर्जे लामाले भने, 'होटल याक र धर्मशालामा गरी थप नौ जना पर्यटक लार्केपासतर्फ जान नसकी रोकिएका हुन् ।' पर्यटक जोखिम मोलेर पदयात्रा गर्न नचाहने भएकाले होटलमा आश्रय लिएर बसेका उनले बताए ।

⏭ क्रमशः पृष्ठ २ मा

## काठमाडौंसहित मुलुकका अधिकांश स्थानमा वर्षा

**काठमाडौं (प्रस)**– मधेस प्रदेशबाहेक देशका अधिकांश भूभागमा शुक्रबार वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सरोज पुडासैनीका अनुसार शुक्रबार पश्चिम क्षेत्रमा ६६ मिलिमिटरसम्म वर्षा भएको छ । उनले यो रेकर्डलाई भारी वर्षाका रूपमा लिइने गरिएको जानकारी दिए ।

गएको २४ घण्टामा सबैभन्दा बढी सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशमा वर्षा भएको छ । ती प्रदेशका धेरै ठाउँमा हल्का र मध्यम वर्षा भएको र केही ठाउँमा भारी वर्षा भएको हो । बागमती प्रदेशका केही जिल्लाहरूमा पनि वर्षा भएको छ । सिन्धुपाल्चोकका क्षेत्रमा यो समाचार तयार पार्ने बेलासम्म पानी परिरहेको उनले बताएका थिए । कोशीका थोरै भूभागमा पानी परेको छ । आज शनिबार पनि मौसम बदली हुने तर सुधार हुँदै जाने पुडासैनीले बताए । 'शनिबार शुक्रबारभन्दा केही कम तर बदलीचाहिँ रहने छ, शनिबार काठमाडौंमा केही सुधार मात्रै छ, दिउँसोतिर फाट्टाफुट्ट पानी पर्नसक्छ, मधेसमा बदली मात्रै छ, आइतबारदेखि खुल्छ,' उनले भने ।

### कुन ठाउँमा कति पानी पऱ्यो

उनका अनुसार शुक्रबार कालिकोटको रासकोट मापन केन्द्रमा ६६.२ मिलिमिटर वर्षा मापन भएको छ । यस्तै बाजुरामा ५६, बैतडीमा ५२.६ मिलिमिटर वर्षा भएको छ । यो भारी वर्षा हो ।

त्यसैगरी मध्यम वर्षा डडेलधुरामा ४६, अछाम ३१, हुम्लाको सिमिकोट ३५.२ मिलिमिटर वर्षा भएको छ । यता गण्डकी प्रदेशको मनाङमा हल्का १२.८, बारपाकमा १२.८, म्याग्दी १६.२ वर्षा भएको छ । यता बागमतीको मेलम्चीमा मध्यम वर्षा ३१.४ मिलिमिटर वर्षा भएको छ । काठमाडौंको कीर्तिपुरमा १.४, बूढानीलकण्ठमा १.२, सुन्दरीजलमा १.४ र सबैभन्दा बढी धाप डचाममा ४.६ मिलिमिटर वर्षा भएको महाशाखाले जनाएको छ ।

# अध्यादेशमा उपेन्द्रकै भर सरकारलाई 'आच्छुआच्छु'



हामीले सरकारलाई स्पष्ट भनेका छौं यो अध्यादेश दाउपेच, जालझेल, सांसद खरिद बिक्री गरेर अहिले माफियाहरूले भन्छन् रे- कति करोड अर्ब चाहिन्छ सांसद किन्नुस् र पास गर्नुस् भनेको सुन्दै छु । त्यो धन्दामा लाग्नुजस्तो देशघाती काम कहिल्यै हुँदैन ।

**उपेन्द्र यादव**
अध्यक्ष, जसपा नेपाल



अध्यादेश केही प्राविधिक कारणले स्वीकृत भएर प्रतिस्थापन हुन ढिलाइ भइरहेको छ । तर यो समयभित्रै सदनबाट स्वीकृत गराएर प्रतिस्थापन गरी नयाँ कानुन बनाउँछौं ।

**रमेश लेखक**
गृहमन्त्री



प्रधानमन्त्रीनिवास बालुवाटारमा शुक्रबार साँझ बसेको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा सहभागी सत्तारुढ दलका नेताहरू ।
*तस्बिर सौजन्यः प्रधानमन्त्रीको सचिवालय*

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– सत्ता सञ्चालन गरिरहेका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सदनमा प्रस्तुत गरेको अध्यादेश अलपत्र परेको छ । राष्ट्रियसभामा बहुमत नपुग्ने देखिएपछि माघ १८ गते प्रतिनिधिसभामा पेस भएको अध्यादेश अलपत्र परेको हो ।

प्रतिनिधिसभामा छ वटा अध्यादेश पेस गरेको भोलि महिना दिन पुग्दै छ । अर्को बैठक बुधबारका लागि डाकिएको छ । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सरकार अहिले अध्यादेशको पासोमा परेको ठोकुवा गरिसकेको छ ।

सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले पुस २९ गते सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, निजीकरण (पहिलो

- बलशाली सरकारले प्रतिनिधिसभामा पेस गरेको छ वटा अध्यादेश एक महिनायता अलपत्र
- अबको एक महिनाभित्र दुवै सदनबाट स्वीकृत भइ प्रतिस्थापन नभएमा अध्यादेश फेल हुने
- फागुनको २१ वा २२ गते स्वीकृतिका लागि पेस गर्ने सत्तारूढ दलको तयारी

संशोधन) अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश तथा माघ २ गते भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरेका थिए । सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पुस दोस्रो साता नै जारी गरिएको थियो ।

अध्यादेश लागू हुन ६० दिनभित्र दुवै सदनबाट स्वीकृत हुनुपर्छ । त्यसपछि प्रतिस्थापन विधेयकबाट अध्यादेश लागू हुन्छ । तर राजनीतिक सहमति हुन नसकेपछि सरकारले ल्याएका अध्यादेश कहिले पेस हुने भन्नेमा अन्योल देखिएको छ । जनता समाजवादी पार्टी (जसपा) नेपालको भर परेको सरकारलाई यसै पार्टीका अध्यक्ष उपेन्द्र यादवले आच्छुआच्छु पारेका छन् । शुक्रबार अध्यक्ष यादवले भूमिसम्बन्धी अध्यादेश फिर्ता गर्न चेतावनी दिए । 'यो अध्यादेश सरकारले फिर्ता गरोस् । नभए हामी जनताको बीचमा जान्छौं,' काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले भने ।

संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेको गठजोडमा बनेको अहिलेको सरकार सुविधाजनक बहुमतमा छ । प्रतिनिधिसभाको २७५ सांसदमध्ये १७७ सांसदको समर्थन अहिलेको सरकारलाई छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीका १४ लाख श्रमिक सामाजिक सुरक्षा कोषमा

## नियमित योगदानकर्ता न्यून, घरमै पुगेर महत्त्व बुझाउँदै कोष

■ **ममता थापा**

**काठमाडौं**– सामाजिक सुरक्षा कोषमा आबद्ध हुने वैदेशिक रोजगारतर्फका योगदानकर्ताको संख्या १४ लाख ४७ हजारभन्दा बढी पुगेको छ । जसमा नियमित योगदानकर्ता भने एक लाखको हाराहारीमात्र रहेको कोषले जनाएको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार औसतमा प्रत्येक दिन दुई हजारभन्दा बढीले श्रम स्वीकृति लिने गरेका छन् । वैदेशिक रोजगारीमा जानेहरूका लागि कोषमा आबद्धता अनिवार्य गरिएकाले दैनिक दुई हजारभन्दा बढी आबद्ध भइरहेका छन् । यद्यपि, नियमित योगदानकर्ता भने निकै न्यून देखिन्छ ।

कोषको पछिल्लो तथ्यांकअनुसार वैदेशिक रोजगारतर्फका योगदानकर्ताबाट मात्रै तीन अर्ब ३६ करोड २३ लाख रूपैयाँभन्दा बढी रकम जम्मा भएको छ । उक्त रकममध्ये दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार योजना शीर्षकमा एक अर्ब १७ करोड छ लाख रूपैयाँभन्दा बढी र दुई अर्ब १९ करोड १६ लाखभन्दा बढी रकम वृद्ध अवस्था सुरक्षा योजना शीर्षकमा जम्मा भएको कोषको तथ्यांकमा देखिन्छ ।

सरकारले २०७९ चैत्र ८ गतेबाट वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध गराउने योजना कार्यान्वयनमा ल्याएको थियो । त्यसयता कोषमा आबद्ध हुने योगदानकर्ता सबैभन्दा बढी वैदेशिक रोजगारीमा जाने श्रमिक नै भएका छन् । कोषमा आबद्ध हुने संख्याको तुलनामा नियमित योगदानकर्ता बढाउन भने कोषले सकेको देखिँदैन । अर्कोतर्फ विदेशमा रहेका श्रमिकहरूलाई पनि यसमा जोड्न सकेको छैन । श्रम स्वीकृति लिँदा वा नवीकरण गर्दामात्र कोषमा योगदान गर्ने र त्यसपछि योगदानलाई निरन्तरता नदिने प्रवृत्ति अधिकांशमा देखिन्छ ।

अप्ठ्यारो भुक्तानी प्रक्रिया, कतिपय श्रमिकहरूमा योगदानबापतको रकम म्यानपावरले लिने हो कि भन्ने गलत बुझाइ, सार्वजनिक सेवा प्रवाहप्रतिको अविश्वासजस्ता कारणले नियमित योगदानकर्ता कम भएको कोषले जनाएको छ । कोषका सूचना अधिकारी उत्तमराज नेपाल यो अवधारणा भर्खरै अभ्यासमा आएकाले नागरिकले विश्वास गर्न समय लाग्ने बताउँछन् । उनी भन्छन्, 'अमेरिकामा सन् १९३५ मा, जर्मनीमा डेढ सय वर्षअघि ल्याइएको अवधारणा नेपालमा छ वर्ष अघिमात्र सुरु भएको हो ।

⏭ क्रमशः पृष्ठ २ मा





### नियमित योगदानकर्ता बढाउने प्रयास

सामाजिक सुरक्षा कोषका अनुसार सफल भएकाहरूका कथालाई सबैमाझ पुऱ्याएर, विभिन्न देशमा गएर यसको उपयोगिताका विषयमा कार्यक्रम गरेर, सेवालाई डिजिटलाइज्ड गरेर, विदेश गएका व्यक्तिको घरमै गएर उनीहरूका परिवारलाई बुझाउनेजस्ता कामहरू भइरहेका छन् । विशेषगरी सबैभन्दा धेरै श्रमिक गएका महोत्तरी, धनुषालगायतका जिल्लामा घरघरमै गएर यसको आवश्यकताबारे बुझाउने काम भएको कोषका सूचना अधिकारी उत्तमराज नेपालले बताए ।

योगदान रकम भुक्तानीमा पेमेन्ट गेटवेका कारण पनि समस्या भइरहेकाले बोलपत्र आह्वान गरी सहज बनाउने काम भइरहेकोले चाँडै नै समस्याको हल हुने नेपाल बताउँछन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

## अध्यादेशमा...

यही समर्थनको बलमा हिउँदे अधिवेशन नबोलाई केपी शर्मा ओली नेतृत्वको सरकारले छ वटा अध्यादेश ल्यायो । यद्यपि प्रतिनिधिसभामा अध्यादेशको विषय अझै कार्यसूचीमा चढेको छैन । यसको मुख्य कारण हो- राष्ट्रियसभाका तीन मत । प्रतिनिधिसभामा दुईतिहाइ मत रहेको कांग्रेस-एमाले गठबन्धनको सरकार राष्ट्रियसभामा अध्यादेश अड्कने डरले अझै कार्यसूची नबनेको हो । अध्यक्षसहित ५९ जना सांसद रहेको राष्ट्रियसभामा बहुमतका लागि ३० सांसदको समर्थन चाहिन्छ ।

हाल राष्ट्रियसभामा अध्यादेशको पक्षमा कांग्रेसका १६, एमालेका १०, मनोनीत दुई र लोसपाका एक गरी २९ सांसद छन् । जसपा नेपालसँग तीन मत रहेको र अध्यादेशको पक्षमा जसपा उभिए ३२ जना हुने र बहुमत पुग्ने देखिन्छ । प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको अथक प्रयासपछि पनि सदनको कार्यसूचीमा अध्यादेश आउन सकेको छैन । यसअघि प्रधानमन्त्री ओली र देउवाले जसपा अध्यक्ष यादवसँग छलफल गरेका थिए । यादवले मधेस प्रदेशको मुख्यमन्त्री र संघीय सरकारमा एक मन्त्री मागेसँगै यो विषय अड्किएको बताइएको हो ।

जसपासँग नजिकिएपछि महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सरकारसँग चिढिएको थियो । लोसपाले सरकार छाड्ने चेतावनीसमेत दिएको थियो । राष्ट्रियसभामा लोसपाको एक जना सदस्य रहेको छ । जसपा र लोसपाको नोकझोंकको बीच सरकारले नेकपा एकीकृत समाजवादी फुटाएरै भए पनि अध्यादेश पारित गर्ने चर्चा पनि छ।

राष्ट्रियसभामा एकीकृत समाजवादीका आठ सदस्य छन् । यस्तो कदम चाले देशघाती हुने जसपा नेपालका अध्यक्ष यादवको दाबी रह्यो । 'हामीले सरकारलाई स्पष्ट भनेका छौं यो अध्यादेश दाउपेच, जालझेल, सांसद खरिदबिक्री गरेर अहिले माफियाहरूले भन्छन् रे- कति करोड अर्ब चाहिन्छ सांसद किन्नुस् र पास गर्नुस् भनेको सुन्दै छु । त्यो धन्दामा लाग्नुजस्तो देशघाती काम कहिल्यै हुँदैन,' यादवले भने । कार्यक्रममा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि भूमिसम्बन्धी अध्यादेश फिर्ता गर्न माग गरे । 'जसपाको निर्णय स्वागतयोग्य छ । अलमलमा नपरौं । यो सरकारले केही गर्दैन । त्यसकारण भूमिसम्बन्धी अध्यादेश सरकारले फिर्ता लिनुपर्छ,' अध्यक्ष नेपालले भने ।

कार्यक्रममा नेपालले कांग्रेस सभापति देउवालाई ओलीबाट होसियार रहन सुझावसमेत दिए । 'संविधान संशोधन गर्ने नाममा एउटा अर्को गठबन्धन ल्याइयो । अब त संशोधन होला भनेको, ०८७ मा संशोधन गर्ने कुरा फेरि सुरु भयो । ०८७ सम्म यही प्रधानमन्त्री टिक्ने हो कि, बस्ने हो कि ? होसियार है, शेरबहादुरजी तपाईंले खुबै विश्वास गर्नुहुन्छ । फेरि सँगै स्वर्ग जाउँला भनेर मख्ख परेर बस्नुभएको होला । नर्क पुऱ्याइदेलान् है,' नेपालले भने ।

यता सत्तारुढ दल कांग्रेसकै नेताहरूलेसमेत अध्यादेशको विरोध जनाइरहेका छन् । कांग्रेस संस्थापनइतरका नेताहरू डा. शेखर कोइराला, एनपी साउदलगायतले अध्यादेशको खुलेर विरोध गर्दै आएका छन् । छ अध्यादेशबाट ३२ कानुन संशोधन गर्न लागेको सरकारले १८ पुसमा सदनमा पेस गरेका अध्यादेशलाई २४ गते बस्ने बैठकमा स्वीकृत गर्ने तयारी गरेको थियो । तर दलहरूबीच सहमति नभएपछि त्यसलाई फागन ६ गतेको बैठकमा पेस गर्ने गरी सत्तारुढ दलहरूसँगसमेत छलफल गरेको थियो । मुलुकको आर्थिक अवस्था सुधार्न भन्दै एकैसाथ छ वटा अध्यादेश ल्याएको सरकार थप अप्ठेरोमा पर्दै गएको हो ।

कांग्रेस नेतासमेत रहेका गृहमन्त्री रमेश लेखकले भने अध्यादेश स्वीकृत हुने दाबी गरेका छन्। शुक्रबार राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपालको आठौं राष्ट्रिय महाधिवेशनमा आफ्नो धारणा राख्दै लेखकले निर्धातिर समयमै अध्यादेश प्रतिस्थापन हुने दाबी गरे । 'व्यावसायिक वातावरण सुनिश्चितताका निमित्त हामीले केही अध्यादेश जारी गरेका छौं । केही प्राविधिक कारणले स्वीकृत भएर प्रतिस्थापन हुन ढिलाइ भइरहेको छ । तर यो समयभित्रै सदनले स्वीकार गरी प्रतिस्थापन गरेर नयाँ कानुन बनाउँछौं,' गृहमन्त्री लेखकले भने ।

यसैबारे निर्णय लिन शुक्रबार साँझ उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बालुवाटारमा बसेको थियो । प्रधानमन्त्री ओलीले डाकेको बैठकमा अध्यादेश आउँदो बुधबार वा बिहीबार पेस गर्ने गरी तयारी अघि बढाउने निर्णय भएको एमाले प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिए । 'अब सबै विधेयकहरू फटाफट अघि बढाउने र अध्यादेश संसद्मा पेस गर्नुअघि सत्ता साझेदार र सरकार समर्थित दलको बैठक बोलाउने सहमति भएको छ,' बर्तौलाले भने ।

■■■

## वैदेशिक...

यसलाई विश्वास दिलाउन समय लाग्छ । तर हामी तदारुकताकासाथ लागेका छौं ।' योगदाकर्ताले जम्मा गरेको रकमबाट दुर्घटना तथा अशक्तता सुविधा, आश्रित परिवार सुरक्षा योजना, वृद्धाअवस्था सुरक्षा योजनाजस्ता योजनामा सहभागी हुन पाउँछन् । योगदान रकम पाउन नियमित रकम जम्मा गर्नुपर्छ । उक्त रकम अग्रिम पनि जम्मा गर्न सकिन्छ । तर श्रमिकले छ महिनामा कम्तीमा तीन महिना योगदान गरे ऊ सुविधा पाउनयोग्य हुनेगरी नियम बनाइएको कोषले जनाएको छ । योगदानकर्ताले जम्मा गरेको रकम खर्च नभई लगानी हो भन्ने बुझ्नुपर्ने सूचना अधिकारी नेपाल बताउँछन् ।

'विदेश गएकाहरूमध्ये दैनिक आठ जनाको लाश आउँछ, कतिपयले हातखुट्टा गुमाएर फर्किन्छन्, कतिपय युवाहरू जीवनभर काम गरेर बूढेसकालमा रित्तो हात फर्किनुपर्ने अवस्था हुनसक्छ । यदि सामाजिक सुरक्षा कोषमा आबद्ध कुनै व्यक्ति बाकसमा आए, पूर्णरूपमा अपांग भएर आए उसको परिवारले आजीवन पेन्सन पाउँछन्,' उनी भन्छन्, 'निजी अस्पतालमा पनि उपचारमा ८० प्रतिशत सहुलियत पाउँछन् । थोरै पैसामा उपचार गराउन सकियो । यी कुराको सुनिश्चितता गर्न कोषमा आबद्ध हुनु आवश्यक छ ।' कोषले कोषका योगदानकर्ताहरूलाई मुलुकभरका १०३ वटा अस्पतालबाट कोषको सुविधा प्राप्त गर्नसक्ने व्यवस्था गरेको जनाएको छ ।

■■■

## नियमित...

कोषको सेवा प्रवाह अन्य सरकारी निकायको जस्तो झण्झटिलो नभएको उनको दाबी छ । 'हाम्रोमा पेन्डिङ रेट शून्य छ, योगदानकर्ता दाबी भुक्तानी लिन आउनेबित्तिकै तत्कालै हाल्छौं, यसकारण निजी अस्पतालले पनि खुसीसाथ गुणस्तरीय सेवा दिइरहेका छन्,' नेपाल भन्छन् । दाबी भुक्तानी उपलब्ध गराउन हुने ढिलासुस्ती र भ्रष्टाचारबाट मुक्त रहेकाले सामाजिक सेवा प्रवाहमा केही वर्षभित्रै उदाहरणीय बन्ने कोषको भनाइ छ । सेवा प्रवाहमा देखिएको गुणस्तरहीनताका कारण निराश भएर विदेसिएका नेपालीलाई पाँच वर्षभित्र नेपाल फर्काउने गरी काम गरिरहेको सूचना अधिकारी नेपालले बताए ।

■■■

## हिमपातले...

शुक्रबार त्यस क्षेत्रमा जमिनबाट करिब १० इन्चजति बाक्लो हिउँ जमेको स्थानीयवासी वीरबहादुर लामाले जानकारी दिए । बाक्लो हिमपातका कारण अत्यधिक चिसो बढेको र जनजीवन प्रभावित भएको उनको भनाइ छ । तत्कालै हिमपात रोकिने कुनै अवस्था नरहेकाले पर्यटक अझै केही दिन साम्दो क्षेत्रमा रोकिनुपर्ने हुनसक्ने अनुमान गरिएको छ । विशेषगरी बालबालिका र वृद्धवृद्धा चिसोका कारण घरबाहिर निस्कन नसक्नुका साथै दैनिक काम गर्न र स्थानीवासीलाई घाँसदाउरा गर्न कठिनाइ भएको लामाले बताए । *रासस*


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३०२ फागुन १४ गते २०८१ मा प्रकाशित DIVINE POWER H.R. SOLUTION PVT.LTD. को Lot No. 318806 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा जानकारी गराइन्छ।

DIVINE POWER H.R. SOLUTION PVT.LTD.
Dhumbarahi, Kathmandu, Nepal, Tel: Tel.: +977-01-5913923, 5913924, Whatsapp: 9705016917, 9857010594, Email: divinehrnepal@gmail.com, Web: www.divinehrnepal.com
Govt. License 1577/079/80



### सूचना !

तेस्रोपटक प्रकाशित मिति: २०८१/११/१७

सूचना तथा प्रसारण विभागमा दर्ता नं. ३३५३-२०७८/७९, मिति २०७९/०१/१९ मा दर्ता रहेको गाउँबेसी नेटवर्क प्रालिद्धारा सञ्चालित www.nepalpurbadhar.com नामक अनलाइन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१/१२/१ (१५ दिन) भित्र यस कम्पनीको ठेगाना काठमाडौं महानगरपालिका-३२ काठमाडौंमा, सञ्चालकको मोवाइल नम्बर ९८४७६९१८०१ वा Email Adress: brihaspatig3@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।



### रद्द गरिएको सूचना

यस **Broadway Overseas Employment Service Pvt. Ltd.** को Lot No. 302281 भएको विज्ञापन भूलवस मिति २०८१ फागुन १६ गतेको प्रभाव दैनिक (वर्ष ११ अंक ३०४) मा प्रकाशन हुन गएकोले उक्त सूचना रद्द गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

Broadway Overseas Employment Service Pvt. Ltd. Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774



### सच्याईएको सूचना

मिति २०८१/११/१० गते माईझ्याली सा.व.उ.स. ईलाम नपा-११ को काठ शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचनामा दोस्रो पटक प्रकाशित मिति २०८१/११/१० हुनुपर्नेमा अन्यथा हुन पुगेकाले सच्याईएको छ ।



### कतारमा रोजगार

कम्पनी : National Group For Agriculture And Animal WII

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319589 | चलानी नं. ६०२३३७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butchery | 25 | 0 | 1400 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 10 | 0 | 1400 | ५३,५८० | | | | | | | |
| 3 | Labour Services | 15 | 0 | 1000 | ३८,२४५ | | | | | | | |
| 4 | Packing Worker | 20 | 0 | 1000 | ३८,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २४ गते (8th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com



### साउदीमा रोजगार

कम्पनी : Golden Hands Foundation for Operation and Maintenance

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319540 | चलानी नं.६०२३३६९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 20 | 0 | 1000 | ३७,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Mohammed Khaled Al-khaldi Transport Est

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319541 | चलानी नं.६०२३३६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer/truck Driver | 2 | 0 | 1900 | ७१,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २४ गते (8th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 948/067/068
Opus Manpower Pvt. Ltd. (Mimosa Overseas Pvt.Ltd)
Samakhusi, Townplanning-26, Kathmandu Near Big Mart , Landline No : 01-4957256, Mob:9851100368, 9812569634 E-mail info@opusmanpower.com



### साउदीमा रोजगार

कम्पनी : ESTABLISHMENT MOHAMED ALI MOHAMED AL-KHALIFACOMMERCIAL

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319468 | चलानी नं. ६०२३३६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General housekeeping worker | 3 | 0 | 1500 | ५६,२३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २४ गते (8th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९७५/०६७/०६८
OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com



### युएइमा रोजगार

कम्पनी : ALBASMAALBARAQA TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319543 | चलानी नं. ६०२३३६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 5 | 0 | 1200 | ४५,९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | TILE LAYER | 5 | 0 | 1200 | ४५,९३९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २४ गते (8th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



### साउदीमा रोजगार

कम्पनी : Al Shamal Cafe Serves Drinks

पूर्व स्वीकृति मिति : २०८१/०५/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/१६ | LT. No. 309878 | चलानी नं. ६०२२४७२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING WORKER | 2 | 0 | 1000 | ३७,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PLUMBER | 1 | 0 | 1400 | ५२,४८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २४ गते (8th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com



### साउदीमा रोजगार

कम्पनी : AFFAQ ASAR CLEANING AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/०६/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/१६ | LT. No. 311743 | चलानी नं. ६०२२६४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING | 53 | 0 | 1000 | ३७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २४ गते (8th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



### साउदीमा रोजगार

कम्पनी : instant support contracting estasblishment

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319445 | चलानी नं. ६०२३३७१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 10 | 0 | 1200 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २६ गते (10th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शनिबार, १७ फागुन, २०८१**

| | |
|---|---|
| **मेष** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **वृष** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **मिथुन** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **कर्कट** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **सिंह** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **कन्या** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| **तुला** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **वृश्चिक** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **धनु** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **मकर** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| **कुम्भ** | दिगो कामको जग बसाउन सकिने छ । |
| **मीन** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ फागुन, २०८१ (२९ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३९.२३ | १३९.८३ |
| युरो | १ को | १४५.८६ | १४६.४९ |
| पाउन्ड स्टर्लिङ | १ को | १७६.४७ | १७७.२३ |
| स्विस फ्रैन्क | १ को | १५५.०२ | १५५.६९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.७२ | ८८.१० |
| क्यानाडियन डलर | १ को | ९७.११ | ९७.५३ |
| सिङ्गापुर डलर | १ को | १०३.७८ | १०४.२३ |
| जापानी येन | १० को | ९.२९ | ९.३३ |
| चिनियाँ युआन | १ को | १९.१५ | १९.२४ |
| साउदी अरब रियाल | १ को | ३७.१२ | ३७.२८ |
| कतारी रियाल | १ को | ३८.२० | ३८.३७ |
| थाई भाट | १ को | ४.११ | ४.१३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.९१ | ३८.०७ |
| मलेसियन रिङेट | १ को | ३१.३३ | ३१.४६ |
| दक्षिण कोरियन वन | १०० को | ९.६५ | ९.६९ |
| स्विडिस क्रोनर | १ को | १३.०४ | १३.१० |
| डेनिस क्रोनर | १ को | १९.५६ | १९.६४ |
| हङकङ डलर | १ को | १७.९१ | १७.९९ |
| कुवेती दिनार | १ को | ४५१.२८ | ४५३.२३ |
| बहराइन दिनार | १ को | ३६९.४१ | ३७१.०० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# संसारकै लामो धार्मिक पदयात्रा मिथिला 'माध्यमिकी परिक्रमा' हुँदै

▶▶ अजयकुमार साह/धनुषा

मिथिलाञ्चलका बहुचर्चित सांस्कृतिक उत्सव तथा संसारकै लामो धार्मिक पदयात्राका रूपमा चिनिने मिथिला परिक्रमा सुरु भएको छ । फागुन कृष्णपक्षको औंसीमा कचुरी मठबाट भगवान् राम र जानकीको डोलासहित परिक्रमा सुरु भएको हो । मिथिलाको ऐतिहासिक, पौराणिक र धार्मिक आस्थाको धरोहरका रूपमा रहेको परिक्रमा १५ दिनसम्म चल्ने छ ।

बिहीबार राति धनुषाको हनुमाननगरमा विश्राम गरेर परिक्रमामा सहभागी साधुसन्त तथा श्रद्धालुहरू शुक्रबार बिहान पूजापाठ गरी भारत विहारको कल्याणेश्वर प्रस्थान गरेका छन् । फागुन औंसीका दिन धनुषाको ठेरा कचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिकी परिक्रमाको विधिवत्‌रूपमा सुरुआत हुने परम्परा रहेको छ । सनातन संस्कारमा महान घटनामध्ये रामायण हाम्रो देशमा पनि घटित भएको हो । रघुवंशीय रामले मिथिलाकी राजकुमारी सीतासँग लगनगाँठो कस्दाको इतिहास पवित्र मिथिला धामका गाउँ, चोक अनि चौतारीहरूमा अझै पनि भनिन्छ, कथिन्छ, गाइन्छ । जनक राजाको सिंगो राज्य अनि राजधानी मिथिलाको जनकपुर नेपालमै शोभायमान छ, जानकी मन्दिर नेपाली माटोबाट हरेक दिन मुस्कुराउँछ ।



सनातन संस्कारमा महान घटनामध्ये रामायण हाम्रो देशमा पनि घटित भएको हो । रघुवंशीय रामले मिथिलाकी राजकुमारी सीतासँग लगनगाँठो कस्दाको इतिहास पवित्र मिथिला धामका गाउँ, चोक अनि चौतारीहरूमा अझै पनि भनिन्छ, कथिन्छ, गाइन्छ । जनक राजाको सिंगो राज्य अनि राजधानी मिथिलाको जनकपुर नेपालमै शोभायमान छ, जानकी मन्दिर नेपाली माटोबाट हरेक दिन मुस्कुराउँछ ।

## मिथिला परिक्रमाको चर्चा

त्रेतायुगबाट आजसम्म पनि मिथिला परिक्रमाको चर्चा उत्तिकै महत्त्वका साथ पुस्तौंपुस्ता चलिआएको छ । यो परिक्रमाले रामायणका धेरैजसो पक्ष अनि तीसँग सम्बन्ध राख्ने स्थान र अवयवहरू छुने गर्दछ । मिथिला नगरमा वर्षमा कात्तिक, फागुन र वैशाखमा परिक्रमा हुने गर्दछ । यीमध्ये फागुनमा हुने परिक्रमाको महत्त्व असाध्यै छ । यस परिक्रममा १३३ किलोमिटरको पदयात्रामा नेपाल र भारतका विभिन्न स्थानका ठूलो संख्यामा साधुसन्त र गृहस्थ आश्रमका श्रद्धालुहरूको सहभागिता रहने गर्दछ । प्राचीन मिथिलाको राजधानी जनकपुरधामको अग्निकुण्डबाट किशोरीजी अर्थात् माता जानकी र कचुरी मठबाट मिथिला विहारी भगवान् रामचन्द्रको दुई प्रमुख डोलाको नेतृत्वमा मध्यमिथिला परिक्रमा विधिवत्‌रूपमा सुरु भएको छ ।

फागुन औंसीका दिन धनुषाको ठेराकचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिक परिक्रमाको विधिवत्‌रूपमा सुरुआत हुने परम्परा रहेको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास वैष्णवले बताए । महाशिवरात्रिलगत्तै सुरु भएको मिथिलाको सर्वाधिक लोकप्रिय १५ दिने माध्यमिक परिक्रमाका कारण मिथिलाञ्चलमा फागुन महिना उल्लास एवं भक्तिमय हुने भएको छ । धार्मिक झाँकी, भजन कीर्तनसहित परिक्रमाको डोला जनकपुरबाट सुरु भई सीमावर्ती भारतीय गाउँ कलानेश्वर महादेवसम्म पुग्ने छ ।

परिक्रमामा सहभागीहरू क्रमशः फुलहरको गीर्जास्थान हुँदै महोत्रीको मटिहानी, जलेश्वर मडै ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, औरही, विशौल हुँदै पुनः कलानेश्वर र फागुन पूर्णिमाको दिन जनकपुर फर्कने छ । मिथिला विहारीको नेतृत्वमा पारम्पारिक रूपले आयोजना हुँदै आएको यो परिक्रमामा हजारौं सहभागिता रहने यस धार्मिक यात्रालाई व्यावसायिक रूप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास वैष्णवले बताए ।

परिक्रमामा सहभागीहरूका लागि बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्‌ले १५ वटै विश्रामस्थलमा बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाएको जानकारी परिषद्‌का अध्यक्ष शीतल साहले दिए । साहका अनुसार परिक्रमावासीहरू राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन् । स्थानीय बासिन्दाले पनि सहभागीहरूका लागि अन्न, दाउरा तथा परिक्रमामा सहभागी गोरुका लागि परालसमेत उपलब्ध गराउने गर्दछन् । सहभागीहरू दिनभरि यात्रा गर्छन् र भजनकीर्तन तथा सत्संग गरेर रात बिताउँछन् ।

मिथिलाका जानकार तथा मैथिलीका साहित्यकार रोशन जनकपुरीका अनुसार नेपाल-भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सदभावका प्रतीक बनेको परिक्रमा यात्रा नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको दुई गरी १५ विश्रामस्थलमा पुग्ने छ । मिथिला महात्मयमा यी विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्त्वबारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनमा अटुट आस्था रहेको पाइन्छ ।

मिथिला महात्मयअनुसार १८औं शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रूपमा मनाइँदै आएको छ । यात्राका सहयात्रीले नेपालका १०७ एवं भारतका २६ गरी १३३ किलोमिटर भूमिमा पैदलयात्रा तय गर्ने छन् । परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभंगहा, सीतामढी, वैजनाथ धामका साधुहरू उल्लेख्यरूपमा सहभागिता हुने गर्दछ । परिक्रमामा सहभागी हुनाले मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने तथा मोक्षप्राप्ति हुने धार्मिक मान्यता रहेको कुरा पण्डित इन्द्रकान्त झाले बताए ।

मिथिला महात्मयमा माध्यमिकी परिक्रमा गर्न नसक्नेहरूले छोटो दूरीको अन्तः गृह परिक्रमा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । अन्तः गृह परिक्रमाको सीमा क्षेत्र जनकपुर नगरपालिकाभित्र पर्दछ । प्राचीन मिथिलाको राजधानी जनकपुरको चारैकुनामा स्थापना भएका चार शिवालय कलानेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ । मिथिला महात्मयमा हरिहर क्षेत्रबाट प्रारम्भ भई गण्डकी नदीको किनार हुँदै हिमालय क्षेत्र, कोशी नदी भएर पुनः हरिहर क्षेत्रमा समापन हुने बृहत् परिक्रमाको चर्चा गरिएको परिक्रमामा डोलीका अगुवाइ गर्ने सुन्दर सदनका महन्थ नबल बाबाले जानकारी दिए ।

भारतको पटनास्थित गंगा नदीको तटमा हरिहर क्षेत्र अवस्थित छ तर, यो परिक्रमा अचेल सधुसन्तको सीमित संख्याले मात्र गर्ने गरेको छ । बृहत् माध्यमिकी र अन्तः गृह परिक्रमा मंसिर, माघ, फागुन र वैशाख महिनामा गर्नसक्ने वैदिक मान्यता भए पनि ती परिक्रमा फागुन महिनामै हुने परम्परा रहेको जानकी मन्दिरका छोटे महन्थ दासले बताए ।

जानकी मन्दिरका महन्थ दासका अनुसार केही दशकयता माध्यमिकी परिक्रमाको क्षेत्र र अवधि विस्तारित भए पनि जनकपुरस्थित रत्नसागर स्थानका स्व. महन्त बाबानारायण दासजीले करिब डेढ सय वर्षपूर्व समयदेखि २०० वर्षसम्म साधुसन्तलाई लिएर वनजंगलको बाटो भएर माध्यमिकी परिक्रमालाई मिथिला महात्मयको निर्देशअनुसार प्रारम्भ गरेको बताइन्छ । त्यसलाई करिब ५० वर्षपछि स्थानीय सीताकुण्डका महन्त परमहंस सियालाल शरणले ५०० साधुसहित बाजागाजासहित परिक्रमा गरेका थिए । ५०० को सानो संख्यालाई बढाएर २० हजार पुऱ्याई परिक्रमाको महत्त्व बढाउने तथा वैष्णव सम्प्रदायको प्रवर्द्धनमा महन्त परमंहसको उल्लेखनीय योगदान रहेको जानकी मन्दिरका महन्थ दासले बताए ।

माध्यमिकी परिक्रमामा करिब ६० वर्षअघिदेखि मिथिला महात्मयको कथावाचन गर्ने मुख्य पण्डित रामदुलारी शरणजी महाराजले ७० वर्षसम्म उक्त भूमिका निर्वाह गरेर सो परिक्रमाको धार्मिकीकरण गरेको थियो । उनको निधनपछि मिथिला महात्मयको कथावाचन गर्ने काम उनका शिष्य सियाराघव शरणले गरिरहेका छन् ।

## यस्तो छ परिक्रमा पथ

पहिलो दिन फागुन औंसीका दिन जनकपुरबाट प्रारम्भ हुने परिक्रमाको पहिलो बिसौनी हनुमान नगर (कुवा) हो । जनकपुरधामबाट दुई किलोमिटर दक्षिणमा पर्ने यो ठाउँमा हनुमान, राम तथा जानकीका मूर्तिहरू भएको १६० वर्षअघि स्थापित मन्दिर छ । दोस्रो दिनको मेला लाग्ने कलाणेश्वर भारत उत्तर विहारको बासोपट्टी तथा उमाकुण्डको सानो बस्ती नजिकै छ । भव्य कुण्ड तथा विश्रामालयसमेत रहेको कलाणेश्वर (कलना) निकै आकर्षक एवं मनमोहक छ । भविष्यवेत्ताका रूपमा परिचित प्रसिद्ध सिद्धबाबा ११० वर्ष बसेको ठाउँ पनि यही हो ।

तेस्रो दिनको विश्रामस्थल गिरिजास्थान पनि भारतमै पर्छ । स्थानीयस्तरमा फूलहर नामले चिनिने यो ठाउँमा सीताजीले फूल टिपेर गिरिजा भगवतीको पूजा गरेको र त्यही क्रममा भगवान् रामसँग पहिलो देखादेख भएको जनविश्वास छ । गौरीशंकर, जानकी, गिरिजा भगवती र गणेशका मूर्तिहरू एवं कष्टहारिणी र शरसमीर पोखरीहरू भएको यो ठाउँबाट जमुनी नदी बगेको छ । चौथो दिन परिक्रमाका यात्रीहरू नेपालको मटिहानी आइपुग्छन् । महोत्तरीमा पर्ने मटिहानी पुरातात्त्विक महत्त्वका १२ वटा मन्दिर तथा आठवटा पोखरी भएको घना बस्ती हो । नेपालमा संस्कृतको पढाइ हुने ठाउँका रूपमा परिचित मटिहानीमा एउटा पुरानो संस्कृत महाविद्यालय तथा मठहरू छन् ।

यसैगरी पाँचौं दिन मिथिला परिक्रमाका यात्रीहरू यस दिन जलेश्वरनाथ महादेवको दर्शन गर्न महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर आइपुग्छन् । जलेश्वरनाथको मन्दिरको शिवलिंग सधैंभरि जलमै डुबेको हुन्छ । छैटौं दिन यात्रीहरू जलेश्वरबाट मडई आइपुग्छन् । यहाँ मुनेश्वर महादेवको मन्दिर तथा दुईवटा आकर्षक पोखरी छन् । सातौं दिनको विश्रामस्थल ध्रुवकुण्ड हो । यहाँ ध्रुवजीको मन्दिर हुन्छ । आठौं दिन यात्रीहरूको गन्तव्य कञ्चनवन हरिणमरी तथा हरिशपुर नजिकै पर्छ । यहाँ सीतारामको मन्दिर छ ।

त्यस्तै नवौं दिनको विश्रामस्थल रहेको पर्वतामा हनुमानजीको विहाल मन्दिर छ । पर्वता पुग्नुपूर्व भक्तजनले हरिहरपुरस्थित क्षीरेश्वरनाथ महादेवमा पूजाअर्चना गर्छन् । दसौं दिन यात्रीहरू धनुषाधाम आइपुग्छन् । सीताजीसँग स्वयम्बर हुनुअघि भगवान् रामले भाँचेको धनुषको एक टुक्रा यहाँ खसेको विश्वास गरिन्छ । यो ठाउँ धनुष दर्शनका लागि प्रख्यात छ । विवाह पञ्चमी तथा रामनवमीका बेला पनि ठूलो मेला लाग्ने धनुषाधामस्थित पोखरी, वाणगंगा नदी एवं उत्तरपट्टी करिब ५०० बिघामा फैलिएको घना वन क्षेत्रको यो ठाउँलाई विशेष रमणीय बनाएको छ । यहाँ माघ महिनाको प्रत्येक आइतबार मकर मेला लाग्छ । यसैगरी यात्रीहरूको एघारौं दिनको गन्तव्य सतोषर हो । राममन्दिर र पोखरी रहेको यो ठाउँमा असार-साउन महिनामा बोलबम तथा झूला पर्व पनि मनाइन्छ । यात्रीहरूको बाह्रौं दिनको गन्तव्य औरही हो । जनकपुर-जयनगर रेल्वेको तेस्रो बिसौनी वैदेही नजिकै रहेको औरहीमा भक्तजन कमला नदीमा स्नान गरी रामजानकी मन्दिरको दर्शन गर्छन् ।

तेह्रौं दिन भारतको विशौल परिक्रमा गर्दछन् भने भोलिपल्ट यात्रीहरू करुणा भन्ने स्थानमा आइपुग्छन् । यो कलाणेश्वर नजिकै छ । अन्तिम पन्ध्रौं दिन परिक्रमाका यात्रीहरू जनकपुर आइपुग्छन् । फागुपूर्णिमाको सन्ध्यामा जनकपुरमा विश्राम गरी पूर्णिमाको बिहानै जनकपुरको पञ्चकोसी परिक्रमापछि श्रद्धालुहरू जानकी मन्दिरलगायत अन्य मठमन्दिरहरूमा दर्शन, पूजन गरी घर फर्कन्छन् । माध्यमिकी परिक्रमा क्षेत्रको अधिकांश भूभाग नेपालमा पर्ने गर्छ । परिक्रमामा सहभागी हजारौं यात्रु र सो अवसरमा डोला विश्राम गर्ने मेलामा सहभागी लाखौं श्रद्धालु भक्तजनको भीडलाई व्यवस्थित तथा नियन्त्रण गर्न सरकारी र गैरसरकारी सामाजिक संस्थाहरू खटिएका हुन्छन् । *रासस*

# पढ्ने उमेरमै आमा बन्नुका पीडा

▶▶ रामचन्द्र रायमाझी/पाल्पा

जिल्लाको माथागढी गाउँपालिका बहादुरपुरकी यमिश्वर जर्घाको १५ वर्ष हुँदा प्रेम विवाह भयो । अहिले उनी २४ वर्षकी भइन् । उनको काखमा एक वर्षको छोरा छ । विद्यालयमा कापी कलम लिएर पढ्न जाने समयमा जर्घा बच्चा स्याहार्दै घरव्यवहार चलाउँदै आएकी छन् । कक्षा ५ मा पढ्दै गर्दा उनको विवाह भएको हो । हाँस्दै खेल्दै पढ्ने उमेरमा जर्घा एक सन्तानको आमा छिन् ।

जिल्लाकै निस्दी गाउँपालिका मित्यालकी शान्ती सारुको १३ वर्ष हुँदा मागी विवाह भयो । अहिले उनी २२ वर्षकी छिन् । सारुको चार वर्षको छोरा छ । उनलाई अहिले सानैमा विवाह भएकोमा पछुतो छ । उमेर नपुगी विवाह भएकाले उनले आफ्ना धेरै चाहनालाई मनभित्रै खुम्च्याउनुपरेको छ । 'बिहे गर्दिन भन्न कहाँ पाइन्थ्यो र ! घरपरिवारको चाहनाअनुसार बिहे गर्नुपर्थ्यो, आफूलाई परेका हिंसा बारेमा पनि बोल्न सक्दिनथैं । आफूसरहका धेरैजसो साथीको सानैमा विवाह भएको थियो । मेरो बालविवाह भएको अहिले बल्ल महसुस हुन्छ,' उनले भनिन् । उनीजस्तै जिल्लाका धेरै किशोरी आमा बनेका छन् । तराईमा व्याप्त रहेको भनिने बालविवाह पहाडी क्षेत्रमा पनि कम छैन । पढ्ने उमेरका यी किशोरीको काखमा छोराछोरी, टाउकोमा सिन्दुर, गलामा पोते र हातमा राता चुराले भरिने गरेका छन् । अधिकांश बालिका विवाह गरेको एक/डेढ वर्षमै गर्भवती हुने गर्दछन् ।

जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको तथ्यांकअनुसार जर्घा र सारुजस्तै पाल्पाका गर्भवती महिलामध्ये करिब १३ प्रतिशत बिहे गर्नका लागि नेपालको कानुनले तोकेको न्यूनतम् उमेर २० वर्षभन्दा कमका छन् । बितेका तीन आर्थिक वर्षमा कूल १३ हजार ९९८ गर्भवती महिलामध्ये एक हजार ७८१ जना २० वर्ष मुनिका अर्थात् १२.७२ प्रतिशत थिए । स्वास्थ्य कार्यालयका प्रमुख टुकप्रसाद पोखरेलका अनुसार स्वास्थ्य संस्थामा गर्भ जाँच गर्न जाने महिलाको उमेर हेर्दा यो अवस्था देखिएको हो । कति गर्भवती स्वास्थ्य संस्थामा नआएका हुनसक्ने भएकाले यो मात्रा बढ्न सक्ने पोखरेलले बताए ।

विगत तीन आर्थिक वर्षमा भएका गर्भवतीमध्ये उमेर नपुगेका निस्दी गाउँपालिकामा सबैभन्दा बढी अर्थात् २५ प्रतिशत थिए । तिनाउ गाउँपालिकामा २३, माथागढी गाउँपालिकामा २१, रैनादेवी छहरा गाउँपालिकामा १९, रामपुर नगरपालिकामा १५, रिब्दीकोट गाउँपालिकामा १४, पूर्वखोला गाउँपालिकामा १३, रम्भा गाउँपालिकामा ११, बगनासकाली गाउँपालिका र तानसेन नगरपालिकामा आठ प्रतिशत किशोरी आमा बनेका हुन् ।

## बालविवाहका कार्यक्रम असफल

यहाँका स्थानीय तहले बालबालिकाका क्षेत्रमा कार्यक्रम तय गरेका त छन् तर ती सबै असफलजस्तै भएका छन् । आफ्नो पालिकालाई 'बालमैत्री' घोषणा गर्ने होडबाजीमा उनीहरू छन् । बालबालिकाका नाममा यहाँका पाँचवटा पालिकाले तीन करोड आठ लाख रूपैयाँभन्दा बढी बजेटसमेत खर्च गरेका छन् तर उपलब्धि भने शून्यजस्तै छ ।

▶▶ क्रमशः पृष्ठ ५ मा



# लहानमा अनलाइनबाट नागरिकता सिफारिस सेवा सुरू

**सिरहा (प्रस)–** इलाका प्रशासन कार्यालय लहानले अनलाइनबाट नागरिकता सिफारिस सेवा सुरुआत गरेको छ । सूचना अधिकारी शशिकुमार चौधरीले ४० वटै वडा कार्यालयबाट नागरिकले सहज ढंगबाट त्रुटिरहित र जन्मदर्तासँगै नागरिकता विवरणमा एकरूपता ल्याउने उद्देश्यले यो सेवा सुरु गरेको जानकारी दिए ।

गृह मन्त्रालयको योजनाअनुरूप वडा कार्यालयबाट अनलाइन प्रणालीमार्फत नागरिकता सिफारिस भएर आउँदा पहिलो दिन लहान नगरपालिका-१५ का अनुसा चौधरी र लहान नगरपालिका-१ का हेमशंकर साहुलाई नयाँ नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिएको इलाका प्रशासन कार्यालयका प्रमुख गोकर्णराज सुयालले जनाए । उनले भने, 'वडामा अनलाइन दर्ता गर्दा केही कागजात अपुग भए अनलाइनमै इलाका प्रशासनले सच्याउन लगाउँछ । अनलाइन भइसकेका कागजात हेरेर नागरिकता दिने गर्छ ।' विस्तारै कागज लिएर आउनु नपर्ने बनाउने कार्य भइरहेको उनले बताए ।

कार्यालयका अनुसार वडामा अनलाइन भरिसकेका सेवाग्राही कार्यालयबाट अब नागरिकता लिएर मात्र फर्किन्छन् । पहिलेजस्तो धेरैपटक दौडधुप गर्ने अब हुँदैन । इलाका प्रशासन कार्यालय लहनाको कार्यक्षेत्रमा लहान नगरपालिका, भगवानपुर गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिकाका सबै वडा र धनगढीमाई नगरपालिकाको वडा नं १२, १३ र १४ यस्तै लक्ष्मीपुरपतारी गाउँपालिकाका वडा नं २, ६ र नवराजपुर गाउँपालिकाको वडा नं १ रहेको कार्यालयले जनाएको छ ।

पृष्ठ ४ बाट क्रमशः

## पढ्ने उमेरमै..

२०७७ साल चैतमा लुम्बिनी प्रदेशमै पहिलो 'बालमैत्री' गाउँपालिका घोषणा गरेको बगनासकाली गाउँपालिकाले अहिलेसम्म 'बालमैत्री' कार्यक्रमका लागि एक करोड १९ लाख ५० हजार रूपैयाँ बजेट खर्च गरिसकेको भए पनि यहाँ बालविवाह रोकिएको छैन ।

यस्तै, रम्भा गाउँपालिकाले आफ्नो पालिकालाई २०७८ पुसमा बालमैत्री गाउँपालिका घोषणा गरेको थियो । यहाँ यससम्बन्धी कार्यक्रमका लागि अहिलेसम्म ५६ लाख ५० हजार रूपैयाँ रकम खर्च भएको छ । गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बालविवाह हुने दर घटाउन सफल भएको दाबी गरे पनि यहाँ अझै पनि लुकीछिपी बालविवाह भइरहेका छन् । सबैभन्दा बढी किशोरी आमा बनेको निस्दी गाउँपालिकाले २०७९ भदौदेखि सातवटै वडामा विभिन्न बालमैत्री कार्यक्रम चलाएको छ । त्यसका लागि अहिलेसम्म ८७ लाख रूपैयाँ रकम खर्चिसकेको छ। बालविवाह केही मात्रामा घटे पनि रोकिएको छैन । 'हामीले जुन अठोट गरेका थियौं त्यसको प्रतिफल प्राप्त भएको छ,' गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारुले भने । उनका अनुसार अघिल्लो आर्थिक वर्षमा पालिकाकाबाट बालविवाह गर्ने सात जोडीलाई फिर्ता गरिएको थियो । यहाँ मागीभन्दा भागी विवाह बढी गर्ने प्रचलन छ ।

रामपुर नगरपालिकालाई २०८३ मंसिरभित्र बालमैत्री घोषणा गर्ने तयारी छ । यससँग सम्बन्धित कार्यक्रमका लागि पालिकाले अहिलेसम्ममा २५ लाख रूपैयाँ रकम खर्च गरिसकेको छ । माथागढी गाउँपालिकामा बालविवाह चुनौतीको रूपमा रहेको छ । यहाँ पनि सानै उमेरमा छोरीलाई अर्काको घरमा पठाइदिने परम्पराले गर्दा यसो भएको हो। तिनाउ गाउँपालिकामा पनि बालविवाह पहिलेदेखि नै हुँदै आएको देखिन्छ । पालिकाले आगामी २०८३ सालभित्र बालमैत्री पालिका घोषणा गर्ने गरी कार्यक्रम अगाडि बढाएको छ। तानसेन नगरपालिकाले पनि बालबालिकाको क्षेत्रमा लाखौं रकम खर्च गरे पनि बालविवाह रोक्न सकेको छैन ।

यहाँका ग्रामीण क्षेत्रमा अझै पनि बालविवाह कायमै छ । रैनादेवी छहरा गाउँपालिकाभित्र पनि बालविवाह हुने गरेको छ । यहाँ जनजाति, दलित, ब्राह्मण, क्षेत्रीको बसोबास छ । जनजाति, दलित समुदायभित्र करिब ४० प्रतिशत उमेर नपुग्दै विवाह बन्धनमा बाँधिने गरेको गाउँपालिकाले जनाएको छ । बालविवाह अन्त्य गर्नका लागि रिब्दीकोट गाउँपालिकाले खासै चासो देखाएको छैन । पूर्वखोला गाउँपालिकामा बालविवाहको अवस्था अत्यन्त चुनौतीपूर्ण रहे पनि त्यसलाई घटाउन सकिएको छैन । पालिका अध्यक्ष नुनबहादुर थापाले विगतदेखि नै बालविवाहले जरा गाडेकाले त्यसलाई घटाउन चुनौती रहेको बताए। यहाँ बसोवास गर्ने करिब ८० प्रतिशत मगर समुदायमा छिट्टै विवाह गर्ने परम्परा हट्न नसक्दा बालविवाह न्यूनीकरणमा अप्ठ्यारो परेको अध्यक्ष थापा स्वीकार्छन् ।

परिपक्व नहुँदै विवाह गरेका किशोरकिशोरीको जीवन कष्टकर बन्न थालेको छ । निस्दीको सरस्वती माविका प्रधानाध्यापक प्रदीप अर्यालले समाजले कम उमेरमा हुने विवाहलाई सहजै मान्यता दिँदा समस्या भइरहेको बताउँछन् । 'किशोरीले विवाहको जिम्मेवारी बोकेर कसरी पढ्न सक्छन्, पढाइ निरन्तर नुहँदा बीचैमा छोड्छन्, विवाहबाटै उनीहरूको जीवन बर्बाद हुन्छ,' उनी भन्छन्, 'नियमित विद्यालयमा हुने कार्यक्रममा बालविवाहविरुद्ध भएको व्यवस्थाबारे जानकारी दिन्छौं, तर रोक्न सकिएको छैन ।'

बालविवाह कानुनीरूपमा अपराध भएकाले सरकारी र गैरसकारी तवरबाट जनचेतना जगाउने विभिन्न कार्यक्रम गरिए पनि रोक्न सकिएको छैन । अधिवक्ता शिवप्रसाद देवकोटा जिल्लामा आउने अधिकांश मुद्दामा बालविवाह पनि रहेको बताउँछन् । उनले बालबालिकामा स्वास्थ्य समस्या, मानसिक समस्या, आर्थिक समस्या निम्तिने भएकाले यसलाई रोक्नु सबैको दायित्व भएको बताए । बालविवाह र कलिलैमा गर्भवती हुने समस्या अन्त्य गनुपर्नेमा उनको जोड छ ।

कम उमेरमा विवाह गर्दा पुण्य प्राप्त हुन्छ भन्ने अन्धविश्वास, गरिबी तथा विभेद, कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्नुजस्ता कारण बालविवाह हुने गरेको छ। बालविवाहका कारण शारीरिक, मानसिक रोगको सिकार, घरेलु हिंसा तथा विभेदमा वृद्धि, कम उमेरमा बच्चा जन्माउँदा आमा र शिशु दुवैको मृत्यु हुने खतरा, विवाहपछि पढाइ बिग्रनेजस्ता समस्या देखिएको छ । बालविवाह परम्परागत संस्कृति र जातीय व्यवस्थासँगै जोडिएको विषय भएकाले त्यस्ता कुसंस्कार र जातीय व्यवस्थालाई बदल्ने, छोरीको सशक्तीकरण गर्ने, समुदायसँग नजिक स्थानीय सरकार रहन्छ, उसले बालविवाहविरुद्ध अभियान सञ्चालन गर्ने, बालविवाह गर्ने गराउनेलाई सामाजिक बहिष्कार गर्नुपर्ने आवाज उठ्न थालेको छ । *रासस*



**साधुसन्तको बिदाइ** | महाशिवरात्रिका अवसरमा पशुपतिनाथ आएका साधुसन्तको बिदाइ । शुक्रबार गुठी संस्थान र पशुपति क्षेत्र विकास कोषले दक्षिणासहित उनीहरूलाई बिदाइ गरेको हो ।
*तस्बिरः किरणराज विष्ट/रासस*

# ग्रामीण बस्ती सडक सञ्जालमा जोड्दै

■ लोकेन्द्रप्रसाद यादव

**गोलबजार (सिरहा)–** कुनैबेला साँघुरो सडक र सडकै छेउमा फुसको छाप्रो, त्यसभित्र ससाना पसलमात्रै देखिने सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिकास्थित ग्रामीण बजारहरूको स्वरूप यतिबेला फेरिएको छ । सडक डिभिजन कार्यालय लहान सिरहाले सिरहा-सप्तरी-उदयपुरको ग्रामीण बस्तीका सडक निर्माणमा तदारुकता देखाएपछि गाउँहरू विकासको मूलधारमा जोडिन थालेका छन् ।

बजारको स्वरूप फेरिएसँगै त्यस क्षेत्रका स्थानीयमा पहिलाको भन्दा बेग्लै खालको उत्साहसमेत देखिन थालिएको छ । 'पहिला बजार क्षेत्रमा साँघुरो सडक र फुसको छाप्रो, त्यहीभित्र सानासाना व्यवयासीमात्र थियो,' लक्ष्मीपुरपतारी गाउँपालिकाका श्याम यादव भन्छन्, 'तर अहिले सडक फराकिलोसँगै बजारमा ठूलठूला पक्की भवन र ठूला पसल खुल्न थालेका छन् ।' कुनैबेला दुर्गम मानिने सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकास्थित विद्यापति मार्गअन्तर्गत पर्ने छपरारी-पोखरभिण्डा-खुर्कियाही सडक छेउका बस्ती सुगम क्षेत्र बनेका छन् ।

लक्ष्मीपुर पतारी गाउँपालिकालाई केही वर्षअघिसम्म दुर्गम क्षेत्रका रूपमा मानिन्थ्यो तर अहिले ती क्षेत्रले आफ्नो पुरानो पहिचान फेरेको छ । यतिबेला लक्ष्मीपुर पतारी क्षेत्र मधेस प्रदेशकै पर्यटकीय क्षेत्रका रूपमा विकास हुन थालेको छ । यसको प्रमुख कारण हो पूर्व-पश्चिम राजमार्गसम्म जोडिएको विद्यापति मार्ग सडकको कालोपत्र । पूर्व-पश्चिम राजमार्गलाई जोड्ने उत्तर दक्षिण ग्रामीण ती सडक कालोपत्र भएसँगै लक्ष्मीपुर पतारी क्षेत्रका स्थानीयवासीको अनुहारमा यतिबेला मुस्कान छाएको छ ।

पूर्व-पश्चिम राजमार्गस्थित छपरारीदेखि भारतीय सिमानाका बडहरीसम्मको उक्त सडक स्तरोन्नतिसँगै सडक डिभिजन कार्यालय लहान सिरहाले सडक कालोपत्र गरेपछि स्थानीयलाई आवतजावतमा सहजमात्रै होइन, हिलो र धुलोबाट मुक्त भएका छन् । 'छपरारी बजारदेखि बडहरीसम्मको पुग्न पहिला मोटरसाइकलमा डेढ घण्टासम्म लाग्दथ्यो,' पोखरभिण्डा गाउँका स्थानीय सन्तोष साह भन्छन्, 'तर सडक कालोपत्र भएपछि अहिले मुस्किलले १५ मिनेटमै पुगिन्छ ।'



सडक डिभिजन कार्यालय लहानले सिरहा, सप्तरी र उदयपुर जिल्लाका जीर्ण सडकको स्तरोन्नतिसँगै कालोपत्रको कार्य तीव्ररूपमा अघि बढेसँगै दुर्गम मानिएका ग्रामीण क्षेत्र अहिले सुगम क्षेत्र बन्दै गएको छ। सडकहरू निर्माण भएपछि विकासले गति लिनुका साथै हजारौं युवाले स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त गरेका छन् । 'पहिला पहिला सडक जीर्ण हुदाँ सवारीसाधन त्यति नचल्दा गाउँमा उत्पादन भएको तरकारी सहजरूपमा लहान बजारसम्म पुऱ्याउन समस्या हुन्थ्यो,' लक्ष्मीपुर पतारीका श्रवण महतो भन्छन्, 'तर अहिले थुप्रै संख्यामा अटो रिक्साहरू चल्न थालेपछि ती बालीहरू बजार पुऱ्याउन सकिरहेका छौं ।' यसबाट किसानसमेत उत्साहित भएको उनको भनाइ छ ।

वर्षौंदेखि जीर्ण रहेको सो सडक स्तरोन्नतिसँगै कालोपत्रको काम अन्तिम चरणमा पुगेको छ । १८ करोड ७४ लाख ९९ हजार रूपैयाँको लागतमा २०७९ असार २३ मा ठेक्का सम्झौता गरी काम सुरु गरेको सिद्धबाबा अम्भुजा जेभी काठमाडौंले सडक स्तरोन्नति तथा कालोपत्रको काम गरिरहेको छ । २०८२ असारसम्ममा उक्त सडकको काम सकिने समयावधि रहे पनि हालसम्म ९४ प्रतिशत काम सम्पन्न भइसकेको निर्माण कम्पनीका प्रतिनिधि सबइञ्जिनियर नरेशकुमार मण्डलको भनाइ छ । उनका अनुसार गाउँ क्षेत्रमा १२ मिटर चौडाइ र गाउँ बाहिर १० मिटर चौडाइ सडक स्तरोन्नति गरिहेको छ भने गाउँ क्षेत्रमा नालासमेत निर्माण गरिएको छ ।

निर्माणाधीन विद्यापति मार्गको निर्माण कार्य अन्तिम चरणमा रहेको डिभिजन सडक कार्यालय लहानका प्रमुख डिभिजनल इञ्जिनियर आशुतोष कर्णले बताए । प्राविधिकरूपमा केही भेरियसन गर्नुपर्ने भएकाले सडकको बाँकी कार्य छिट्टै अगाडि बढाइने उनको कथन छ । यस्तै सप्तरीको सुरुंगा नगरपालिका-७ कदमहा चोक हुँदै चकदह, प्रमाणपुर र वडा नं १० पटेर्वा चोकसम्म निर्माणाधीन सडकको काम पनि तीव्र रूपमा भइरहेको छ । कूल आठ किलोमिटर ५०० मिटर लामो सो सडकमा हालसम्म करिब पाँच किलोमिटर सडक कालोपत्र गर्ने चरणमा पुगेको डिभिजन सडक कार्यालय लहानले जनाएको छ ।

गौरी पार्वती के एण्ड केजी जेभीले २०८१ मंसिर १७ गतेसम्म काम सक्नेगरी २०७९ मंसिर १८ मा ठेक्का सम्झौता गरेकामा रकम सुनिश्चित नगरिँदा केही ढिलाइ भए पनि अहिले काम तीव्र रूपमा भइरहेको निर्माण कम्पनीका प्रतिनिधि इञ्जिनियर भूपेन्द्र सिफैलया बताउँछन् । उनले थपिएको म्याद अघि नै काम सकिनेगरी निर्माणको काम अघि बढेको बताए ।

बलान नदीको छेउबाट निर्माण भइरहेको सो सडकले आवागमनमा सहजतामात्र नभई बलान नदीले बर्सेनि गर्दै आएको कटान र डुबानको समस्यासमेत समाधान हुने स्थानीयको बुझाइ छ । 'हाम्रा लागि यो बाटो अत्यन्तै महत्त्वपूर्ण र वरदान नै बनेको छ,' बैरवनका स्थानीय जिवछ यादव भन्छन्, 'सडक निर्माण भएपछि गाडी गुडाउन पनि सहज हुन्छ र वर्षायाम बलान नदीले गर्ने कटान र डुबानबाटसमेत बचाउँछ, यो हाम्रा लागि ठूलो उपलब्धि हो ।' कूल २७ करोड आठ लाख १६ हजार रूपैयाँको लागतमा निर्माण भइरहेको यस सडकको भौतिक प्रगति ३३ प्रतिशत रहेको निर्माण कम्पनीका प्रतिनिधि विश्व सुवेदीको भनाइ छ ।

यस्तै उदयपुरको पुरानो सडकसँग सप्तरी लोकमार्ग दूरी छोटचाउन २०२५ सालमा ट्र्याक खोलिएको मोतीगढा-जोगीदह खण्ड निर्माणको कामले पनि तीव्रता पाएको छ। करिब १२ किलोमिटरको सो सडकलाई पनि कालोपत्र गर्ने गरी काम अघि बढेको डिभिजन सडक कार्यालय लहानका प्रमुख कर्ण बताउँछन् । कर्णका अनुसार नेपाल सरकारको निर्वाचन क्षेत्र रणनीतिक सडक योजनाअन्तर्गत संघीय संसद्को एउटा निर्वाचन क्षेत्रमा कम्तीमा २५ र बढीमा ४० करोड रूपैयाँसम्मको लागतमा सडकहरू निर्माण भइरहेको छ ।

ती योजनाअन्तर्गत उदयपुरको निर्वाचन क्षेत्र नम्बर १ मा पर्ने सदरमुकाम गाईघाट जोड्ने जिल्लाकै पुरानो सडक मोतीगढा-जोगीदह खण्डमा कालोपत्र गर्न लागिएको छ । दुई लेनको सडक कालोपत्र गर्नेगरी २८ करोड ४३ लाख ४६ हजार रूपैयाँमा ठेक्का सम्झौता गरी धमाधम काम गरिरहेको छ। आवश्यक पर्ने रकम सुनिश्चित नगरिँदा त्रियुगा नगरपालिका वडा नं १, २ र ३ तथा चौदण्डीगढी नगरपालिका-१०, ९, २, ५ को सुन्दरपुर हुँदै सप्तरीको फत्तेपुर जोड्ने ३० किलोमिटर सडकअन्तर्गत मोतीगढा-जोगीदह-रूपनीसम्मको करिब १२ किलोमिटरको सडक आव २०८१/८२ को अन्त्यसम्ममा सम्पन्न गर्ने लक्ष्य पूरा हुन नसकेको निर्माण व्यवसायी मनिकुमार दाहालले बताए। उक्त सडकलाई दुई लेनको बनाएर कालोपत्र गर्नेगरी अघिल्लो आवमा अर्थिक वर्ष काम वर्ष सुरु गरेको थियो ।

डिभिजन सडक कार्यालय लहानका इञ्जिनियर सञ्जीव साहका अनुसार सडक स्तरोन्नतिसँगै चौडा पार्ने र दायाँबायाँ नाली निर्माण, ठूला सानागरी २२ वटा कल्भर्ट निर्माण सम्पन्न भई नाला निर्माण गर्नेलगायत काम भइरहेको छ । *रासस*


**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ईटाभट्टा, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र आवहानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०८१/११/१६**

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि मिति २०८१/११/१६ गते **https://www.bolpatra.gov.np/egp** मा ई बिड मार्फत सूचना आवहान भएको हुदा आवस्यक कागजपत्रहरु संलग्न राखी रु ३००० (तिन हजार मात्र ) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता न १०६०३०००००१००१०००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना **https://www.bolpatra.gov.np/egp** बाट हेर्न सकिनेछ।

तपसिल :

| क्र.स. | बोलपत्र प्रकाशित मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति | ठेक्का न | योजनाको नाम | लागत अनुमान (मु.अ.कर,कन्टिनजेंसी र PS सहित) | बोलपत्रको किसिम | बिड सेक्युरिटि रु |
|---|---|---|---|---|---|---|---|
| १. | २०८१/११/१६ | २०८१/१२/१७ | 60/RoadMaintainence Works/NCB/Mechi/ 2081/081 | Road Maintainence Works (Shree janga road-06, Rajmarga dakxin gosline road-06,Sangam path -06, Nembang petrol pump north-10, Dhaijan-balbalbhadraschool road-11, Himalayan school road-10) | ५३,४०,५७३.९१ | Works NCB | १,४०,०००.०० |

**अग्नि प्रसाद अधिकारी**
**प्रमुख प्रशासकिय अधिकृत**

प्रभाव दैनिक

शनिबार, १७ फागुन २०८१ (Saturday, March 01, 2025)

रूपशाला

## कलाकार 'राजा'को निधन

कलाकार तथा नेपाल चलचित्र कलाकार संघको पूर्व महासचिव चेत बहादुर सिंह 'राजा'को निधन भएको छ । उनको शुक्रबार दिउसो महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचारको क्रममा निधन भएको कलाकार तथा कलाकार संघका निवर्तमान अध्यक्ष रवीन्द्र खड्काले जानकारी दिए । केही फिल्मका निर्माता समेत रहेका सिंह पछिल्लो केही समयदेखि जण्डिसबाट पीडित थिए ।



# 'अञ्जिला'मा खेलाडीको संघर्षदेखि सफलतासम्मको कथा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली महिला राष्ट्रिय फुटबल टिमकी क्याप्टेन अञ्जिला तुम्बापो सुब्बाले आफ्नो जीवनको संघर्ष र सफलता चलचित्र देख्न सकिने बताएकी छिन् । नयाँ बसपार्कस्थित चलचित्र भवनमा शुक्रबार 'अञ्जिला'को श्रव्यदृश्य (ट्रेलर) सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा उनले चलचित्रमा आफ्नो भूमिकाले खेलाडी बन्ने सपना बोकेकालाई प्रेरणा दिने धारणा राखिन् ।

उनले भनिन्, 'सानैदेखि खेलकुदमा लगाव भएकाले मैले सक्नेभन्दा बढी यही क्षेत्रमा काम गरेँ । मेरो निरन्तरता र सङ्घर्षले आज मलाई यहाँसम्म पुऱ्याएको हो ।' क्याप्टेन सुब्बाले खेलाडी र खेलकुदका विषयलाई समेटेर चलचित्र बनाइएको भन्दै यसले खेल क्षेत्रमा भविष्य खोज्ने अन्यलाई पनि प्रेरणा दिने उनले विश्वास व्यक्त गरिन् । चलचित्रमा उनी स्वयंले आफ्नो भूमिका निर्वाह गरेकी छिन् ।

'सुरुमा मलाई असहज पनि भएको थियो । राम्रो निर्माण समूह पाएपछि अभिनय पनि गरेकी छु । मजस्तै संघर्षशील अन्य खेलाडीको कथालाई पनि चलचित्रमा देख्न पाइने छ भन्ने मलाई विश्वास छ', सुब्बाले भनिन् । उनले आफ्नो खेलजीवनमा सफलताको श्रेय धर्मपिता प्रेमकुमार श्रेष्ठलाई दिइन् । चलचित्रको निर्मातासमेत रहेका सुब्बाका धर्मपिता श्रेष्ठले चलचित्रले खेलमा आफ्नो भविष्य देख्नेहरूलाई प्रेरणा दिने बताए ।

'अञ्जिलाको जीवनले खेलकुदमा लाग्नेलाई अगाडि बढ्न प्रेरणा दिन्छ र उहाँको सङ्घर्ष कुनै चलचित्रको पटकथाभन्दा कम छैन', निर्माता श्रेष्ठले भने । उनले चलचित्रमा क्याप्टेन सुब्बासँगै अन्य राष्ट्रिय खेलाडीलाई रहेका जनाउँदै सबैलाई सहयोगका लागि धन्यवाद दिए ।

निर्देशक मिलन चाम्सले क्याप्टेन सुब्बाको जीवनीको ९० प्रतिशत कथालाई चलचित्रमा समावेश गरेको जानकारी दिए । 'खेलकुदमा चलचित्र बनाउन नेपाली स्रोत र साधनले भ्याएसम्म कोसिस गरेका छौँ । क्याप्टेन सुब्बाको जीवनको महत्वपूर्ण खेललाई चलचित्रमा समावेश गरेका छौँ । उहाँको जीवनलाई पर्दामा हेर्दा नरसाउने आँखा सयादै होलान्', उनले भने ।

चलचित्रका अभिनेता दयाहाङ राईले नेपाली फुटबलको विषयमा चलचित्र बन्नु सकारात्मक पक्ष रहेकाले आफू कलाकारका रूपमा जोडिएको बताए । उनले भने, 'म फुटबल खेलको प्रशंसक हुँ । क्याप्टेन सुब्बाको जीवनीमा चलचित्र बन्दैछ भन्ने सुनेपछि खुसी भएको थिएँ, मलाई अभिनय गर्ने प्रस्ताव आएपछि आफ्नो भूमिका नसुन्दै सहमति दिएँ । सुब्बासँग चलचित्रभर अधिकांश दृश्य छ, यो मेरो जीवनकै महत्वपूर्ण उपलब्धि हो ।'

चलचित्रमा सुनिल थापा, विजय बराल, सृजना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङलगायत कलाकारले अभिनय गरेका छन् । सुदीप बरालले छायांकन, मिलन श्रेष्ठले सम्पादन गरेको यो चलचित्र यही फागुन २९ गते नेपालसहित विश्वभर प्रदर्शन हुने वितरक करण श्रेष्ठले जानकारी दिए ।

# समिर भट्टको दोस्रो चलचित्र 'बलिदान' फूलपातीमा रिलिज हुने

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेता समिर भट्टको मुख्य भूमिका रहेको 'बलिदान' फूलपातीमा रिलिज हुने निर्माण सन्तोष सेनले घोषणा गरेका छन् । शुक्रबार सामाजिक सञ्जालमा चलचित्रका दुईवटा पोस्टर सार्वजनिक गर्दै उनले रिलिज डेट घोषणा गरेका हुन् ।

'हाल बलिदानुको सम्पूर्ण प्रोडक्सन कार्य सम्पन्न भइसकेको छ, र हामी पोस्ट प्रोडक्सन प्रक्रियामा प्रवेश गरेका छौँ । चलचित्रलाई अझ उत्कृष्ट बनाउन दक्षिण भारतीय फिल्म उद्योगका प्रविधि र सीपको उपयोग गर्दैछौँ, जसका कारण रिलिजमा केही समय लाग्ने देखिएको छ । दशैंको आसपास चलचित्रको सम्पूर्ण काम पूरा हुनेछ,' सेनले लेखेका छन्, 'दशैंको फूलपातीका दिन कालीमातालाई यो जगतलाई दुःख दिने दानवरूपीको नाममा बली चढाउने परम्परा रहिआएको छ । संयोगवश, बलिदानको कथामा कालीमाताका अगाडि दानवी प्रवृत्तिका शोषकहरूको बलि दिने भावना समेटिएको छ । यही सन्दर्भलाई आत्मसात् गर्दै, 'बलिदान' २०८२ सालको फूलपाती (असोज १३) मा रिलिज गर्ने निर्णय गरेका छौँ ।'

गत वर्षको फूलपातीमा समिर अभिनित '१२ गाउँ' प्रदर्शनमा आएको थियो । जुन उनको पहिलो चलचित्र थियो । चलचित्रले करिब २५ करोडको व्यापार गरेको निर्माता, निर्देशक र अभिनेतासमेत रहेका विराज भट्टले बताएका छन् । त्यसबेला '१२ गाउँ' दीपकराज गिरीको 'छक्का पञ्जा ५' सँग जुधेको थियो । 'बलिदान' पनि अशोक शर्माको 'डबल ट्रिपल' सँग जुध्ने भएको छ । 'डबल ट्रिपल' मा दयाहाङ राई, केकी अधिकारी, मेरुना मगरलगायतको मुख्य भूमिका छ ।

# डा. अधिकारीका तीन म्युजिक भिडियो

**काठमाडौं (प्रस)–** प्रसिद्ध ज्यो पण्डित डा. रुद्रनाथ अधिकारीका तीन वटा म्युजिक भिडियो एकसाथ रिलिज गरिएको छ । काठमाडौंमा आयोजित एक कार्यक्रमबीच अब अति भइसक्यो, जागौं (राष्ट्र भक्ति गीत), आमा (मातृभक्ति गीत) र 'आउन माया आउ मेरो हात समाउ' (प्रेमिल गीत)का तीन भिडियो रिलिज गरिएको हो ।

बरिष्ठ गीतकार राजेन्द्र थापाको प्रमुख आथित्यतामा भएको कार्यक्रममा गीतकार संघका पूर्वअध्यक्ष चुडामणि रेग्मी, गीतकार एसपी कोइराला, गीतकार एवं संविधानविद् भीमार्जुन आचार्यले डा. अधिकारीका सिर्जना र सक्रियताकाबारेमा चर्चा गरेका थिए ।

अधिकारीले जन्मदिनको अवसरमा एक साथ तीन भिडियो लोर्कापण कार्यक्रममा गीतकार संघका अध्यक्ष बसन्त थापाले अधिकारीले नेपाली गीत संगीतमा पुऱ्याएको योगदानको चर्चा गरेका थिए। डा. अधिकारीले रचना गरेका गीतहरूमा प्रमोद खरेल, निशान भट्टराई, स्वरूपराज आचार्य, दीपक लिम्बु, सदिक्षा कट्टेल, रोजिना बस्नेतले स्वर भरेका छन् । शुक्रबार सार्वजनिक भएको गीतको भिडियोलाई कृष्णदेव रूपाखेतीले निर्देशन गरेका हुन्। भिडियोमा डा. अधिकारी र उनकी धर्मपत्नी लक्ष्मी अधिकारीलाई पनि देख्न पाइन्छ ।

## रंगशाला

### सूर्य नेपाल एनपीजीए टुर

# तोरणलाई च्याम्पियनसिपको उपाधि

■ प्रभाव संवाददाता




**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत पाँचौं प्रतियोगिता सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिपको उपाधि तोरण विक्रम शाहीले जितेका छन् ।

५-अन्डर ६७ को स्कोरमा समग्रमा १८-अन्डर २७० सहित अत्यन्त रोमाञ्चक शैलीमा निरज तामाङलाई तोरणले एक स्ट्रोकले हराए । उनले १२ वर्षपछि घरेलु टुरमा उपाधि जितेका हुन् । यसअघि सन् २०१३ मा यही प्रतियोगिताको उपाधि जितेका थिए । उनले नगद १ लाख ५० हजार प्राप्त गरे । उनको करियरको यो तेस्रो उपाधि हो ।

च्याम्पियन तोरणले जतिकै ५-अन्डर ६७ स्कोर गरेका निरज समग्रमा १७-अन्डर २७१ सहित दोस्रो भए । उनले नगद १ लाख प्राप्त गरे । नेपाल नम्बर एक एमेच्योर गल्फर सदभाव आचार्यले आज दिनकै उत्कृष्ट ७-अन्डर ६५ को स्कोर निकाले । समग्रमा १३-अन्डर २७५ सहित तेस्रो भए । यो स्कोरमा उनले एमेच्योरतर्फको उपाधि जिते । उनले राहुललाई ९ स्ट्रोकले हराए ।

समग्रमा ३-अन्डर ६९ स्कोर गर्दै समग्रमा ५-अन्डर २८३ सहित सञ्जय लामा चौथो भए । प्रो तर्फ तेस्रो हुँदै उनले ७५ हजार प्राप्त गरे । एमेच्योर राहुल समग्रमा पाँचौं भए । राहुले २-ओभर ७४ स्कोर जोडे । समग्रमा ४-अन्डर २८४ को स्कोर निकाले । एमेच्योरतर्फ उनी दोस्रो भए ।

दिनेश प्रजापति समग्रमामा ३-अन्डर २८५ सहित छैटौं भए । उनले आज इभन-पार ७२ को स्कोर गरे । प्रो तर्फ चौथो भएका उनले ६३ हजार हात पारे । नेपाल नम्बर एक भुवन नगरकोटीले आज ३-ओभर ७५ खेल्दै समग्रमा १-अन्डर २८७ स्कोर गर्दै सातौं भए । प्रो तर्फ पाँचौं हुँदा ५३ हजार आफ्नो नाममा लेखाए ।

जयराम श्रेष्ठले बिर्सनलायक ८-ओभर ८० को स्कोर गर्दा समग्रमा ३-ओभर २९१ सहित समग्रमा आठौं भए । प्रो तर्फ उनी छैटौं हुँदा ४६ हजार नगर पुरस्कार प्राप्त गरे । टंक बहादुर कार्की समग्रमा ४-ओभर २९२ सहित नवौं भए । प्रोतर्फ सातौं हुँदै ४२ हजार जिते । समग्रमा ८-ओभर २९६ स्कोर जोडेका रामे मगर र सूर्य प्रसाद शर्मा दशौं भए । उनीहरू प्रो तर्फ आठौं भएसँगै ३६ हजार ५ सय हात पारे ।

फाइनल दिनको खेल सुरूवात गर्दा तोरण निरज भन्दा एक स्ट्रोकले मात्र अगाडि थिए । जहाँ तोरणलाई निरजले कडा चुनौती दिए । फ्रन्ट नाइनमा तोरणले तेस्रो देखि पाँचौं होलमा लगातार तीन बर्डी प्रहार गर्दै फ्रन्ट नाइन ३-अन्डर ३३ मा सकाए । निरजले चौथो र नवौं होलमा एक-एक सट बचाए । फ्रन्ट नाइन २-अन्डर ३४ मा पुरा गरे । फ्रन्ट नाइनको समाप्तीमा तोरण २ स्ट्रोकले अघि बढे ।

यसपछि तोरणले १०औं होलमा एक सट बचाएसँगै उनले ३ स्ट्रोकको अग्रता बनाए । ११औं होलमा दुवैले बर्डी प्रहार गरे । यसपछि निरजले १४औं र १५औं होलमा लगातार दुई बर्डीको सफलतामा अग्रता एक स्ट्रोकमा झार्दै तोरणलाई दबाब दिए । तर लगतै १६औं होलमा बोगी हाने र फेरि २ स्ट्रोकले पछि परे । १७औं होलमा बर्डी प्रहार गर्दै पुनः अग्रतालाई १ स्ट्रोकमा झार्दै १८औं होललाई समेत रोमाञ्चक बनाए । अन्तिम होलमा दुवैले पार खेले र तोरण १ स्ट्रोकको जितमा १२ वर्षपछि च्याम्पियन बने ।

### भद्रपुर झापा गोल्डकप

# भद्रपुर ब्लेजर्स बन्यो च्याम्पियन

■ प्रभाव संवाददाता




**भद्रपुर (झापा)–** दोस्रो संस्करणको भद्रपुर झापा गोल्डकप २०८१ को उपाधि आयोजक भद्रपुर ब्लेजर्सले जितेको छ । मेची रङ्गशालामा शुक्रबार भएको खेलमा झापा-११ लाई २-० को अन्तरले पराजित गर्दै ब्लेजर्सले उपाधि जितेको हो । उपाधिसँगै ब्लेजर्सले रू १३ लाख नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पारेको छ । यस्तै, उपविजेता झापा-११ ले रू सात लाख नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

भद्रपुर ब्लेजर्सका लागि कप्तान आशिष चापागाईं र सत्यम शर्माले गोल गरे । खेलको ३०औं मिनेटमा गोल गर्दै चापागाईंले ब्लेजर्सलाई १-० को अग्रता दिलाए । यसैगरी दोस्रो हाफको इन्जुरी समयमा खेल सकिनै लाग्दा शर्माले गोल गर्दै ब्लेजर्सलाई २-० को जित दिलाए । झापा-११ ले खेल अवधिभर पाएका केही अवसरलाई गोलमा परिणत गर्न नसकेपछि उपविजेतामा चित्त बुझाउनुपर्‍यो । खेलको प्लेयर अफ द म्याच ब्लेजर्सका विशाल दर्जी भए । उनले ट्रफीसहित नगद रू २१ हजार प्राप्त गरे ।

गोल्डकपमा सर्वोत्कृष्ट खेलाडी भद्रपुर ब्लेजर्सका आशिष चापागाईं भए । उनले रू एक लाख पाँच हजार नगदसहित ट्रफी प्राप्त गरे । प्रतियोगिताको उदीयमान खेलाडी ब्लेजर्सका राजेश शाह, उत्कृष्ट गोलकिपर ब्लेजर्सका टेकेन्द्र थापा, उच्च गोलकर्ता ब्लेजर्सका सत्यम शर्मा, उत्कृष्ट प्रशिक्षक ब्लेजर्सका सचिन्द्र धिमाल भए । उनीहरू सबैले ट्रफीसहित नगद रू २५ हजार प्राप्त गरे ।

# गोर्खाली, आर्मी, कर्णाली र एपिएफ सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**चितवन (प्रस)–** प्रथम गोर्खाली रग्बी सेभेन्स प्रतियोगितामा गोर्खा रग्बी क्लब, त्रिभुवन आर्मी क्लब, कर्णाली प्रदेश र सशस्त्र प्रहरी बलको एपिएफ सेमिफाइनलमा प्रवेश गरेका छन् ।

भरतपुरको कृष्णपुर खेल मैदानमा शुक्रबार भएको लिग चरणको खेलपछि लुम्बिनी प्रदेश, मधेस प्रदेश र गण्डकी प्रदेश लिग चरणबाटै बाहिरिए । कुल ७ टोलीबीच दुई समूहमा विभाजन गरी खेलाइएको प्रतियोगितामा समूह ए बाट आयोजक गोर्खाली र कर्णाली प्रदेश सेमिफाइनलमा प्रवेश गर्‍यो ।

गोर्खा रग्बीले लिगको दुवै खेल जित्यो र समूह विजेता बन्यो । गोर्खालीले गण्डकी प्रदेशलाई २२-० ले तथा कर्णाली प्रदेशलाई २२-७ स्कोरले पराजित गरेको थियो । कर्णालीले भने गण्डकी प्रदेशलाई २६-५ स्कोरले पराजित गरी समूह उपविजेता बनेको हो ।

यस्तै, समूह बी मा त्रिभुवन आर्मी क्लबले लिगको तीन वटै खेल जित्दै समूह विजेता बन्न सफल भयो । टोलीले एपिएफलाई ३४-५ स्कोरले, लुम्बिनी प्रदेशलाई एकोहोरो खेलमा ४३-० ले तथा मधेस प्रदेशलाई पनि ४३-० स्कोरले पराजित गरेको थियो ।

समूह उपविजेता बनेको एपिएफले भने मधेस प्रदेशलाई २४-५ ले तथा लुम्बिनी प्रदेशलाई ४५-० ले पराजित गरेर उपविजेता बन्यो । मधेस प्रदेशले लुम्बिनी प्रदेशलाई २४-७ ले पराजित गर्दा लुम्बिनीले भने लिगको तीन वटै खेल गुमाएको थियो ।

अब शनिबार हुने सेमिफाइनलमा गोर्खाली रग्बीले एपिएफसँग र त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशसँग खेल्नेछ । शनिबार नै उपाधि भिडन्त हुनेछ । गोर्खा रग्बी क्लबले आयोजना गरेको यो पहिलो रग्बी सेभेन्स प्रतियोगिता हो ।

प्रतियोगिताको विजेता टोलीले नगद २ लाख तथा दोस्रो स्थान प्राप्त गर्ने टोलीले १ लाख पुरस्कार प्राप्त गर्नेछ । नेपाली रग्बी प्रतियोगितामा राखिएको यो अहिलेसम्मकै सर्वाधिक पुरस्कार राशि हो ।



ललितपुरको जावलाखेलस्थित तिब्बती शरणार्थी शिविरमा तिब्बती नयाँ वर्षको सुरुआतको उपलक्ष्यमा शुक्रबार मनाइएको ल्होसार उत्सवमा सहभागी एक तिब्बती युवती ।

*तस्बिरः एएफपी*

# मार्चदेखि चीनलाई थप १० प्रतिशत कर लगाउने ट्रम्पको घोषणा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार चीनबाट आयात हुने सामानमा १० प्रतिशत थप शुल्क लगाउने घोषणा गरेका छन् । साथै उनले 'अस्वीकार्य' लागुपदार्थ तस्करीका कारण देखाउँदै क्यानाडा र मेक्सिकोमाथि आगामी हप्ता शुल्क लगाउने योजना अघि बढाउने बताएका छन् ।



विश्वभरका अघिल्लो दिनको नोक्सानीलाई पछ्याउँदै शुक्रबार एसियामा खुल्ने बजार हरूमा रिपब्लिकन राष्ट्रपति ट्रम्पको यो पछिल्लो टिप्पणीले विश्वव्यापी व्यापार युद्धको डर फैलाएको छ । अवैध आप्रवासन र घातक फेन्टानिललाई लिएर ट्रम्पले यस महिना क्यानाडा र मेक्सिकोको आयातमा २५ प्रतिशत कर लगाउने घोषणा गरेका थिए । तर एक महिना लामो विश्राम मंगलबार समाप्त हुँदै छ ।

अर्को हप्ता शुल्कमा अगाडि बढ्ने योजना छ कि छैन भन्ने पत्रकारहरूको प्रश्नपछि ट्रम्पले बिहीबार सामाजिक सञ्जालमा जबसम्म फेन्टानिलको समस्या बन्द हुँदैन 'वा गम्भीररूपमा सीमित हुँदैन' प्रस्तावित शुल्कहरू निर्धारित रूपमा हुने लेखेका छन् । 'चीनलाई पनि त्यही मितिमा १० प्रतिशत थप शुल्क लगाइने छ,' उनले मार्च ४ को सन्दर्भमा भने ।

यस महिनाको सुरुमा ट्रम्पले चीनबाट आयात हुने सामानमा १० प्रतिशत शुल्क वृद्धि गरे । यसबाट बेइजिङलाई जवाफी कारबाही गर्न उत्प्रेरित गऱ्यो । एक अमेरिकी अधिकारीले फेन्टानिलका कारण लगाइएको अवस्थित शुल्कमा नयाँ १० प्रतिशत शुल्क थपिएको पुष्टि गर्दै लागुपदार्थ मामिलामा 'अपर्याप्त प्रगति' भएको बताएका छन् ।

फेन्टानिल मुद्दालाई सम्बोधन गर्न वासिङ्टनले तीनवटै देशविरुद्ध कारबाही गर्नुपर्ने अधिकारीले बताए । चिनियाँ वाणिज्यमन्त्री वाङ वेन्ताओले बिहीबार वासिङ्टनको अघिल्लो १० प्रतिशत शुल्कप्रति चिन्ता व्यक्त गरे । 'चीन यसको दृढतापूर्वक विरोध गर्दछ र सम्बन्धित जवाफी कदमहरू चालेको छ,' नवनियुक्त अमेरिकी व्यापार प्रतिनिधि (युएसटिआर) जेमिसन ग्रिरलाई लेखेको पत्रमा वाङले भने ।

ट्रम्पको खतराबाट आफ्नो अर्थतन्त्रलाई जोगाउने योजना बनाउन चिनियाँ नेतृत्वको बैठक अर्को हप्ता बस्ने भएको छ । मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले बिहीबार ट्रम्पको धम्की शुल्कबाट बच्न उनीसँग कुरा गर्ने आशा गरेको बताइन् । एक उच्चस्तरीय मेक्सिकाली प्रतिनिधिमण्डल सम्झौताको खोजीमा वासिङ्टनमा छ ।

साथै क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले अधिकारीहरूले अमेरिकी करहरू रोक्न चौबीसै घण्टा काम गरिरहेको तर अर्को हप्ता उपायहरू लागू भएमा 'तत्काल' प्रतिक्रिया हुने बताए । संयुक्त राज्य अमेरिकामा प्रवेश गर्ने फेन्टानिल र कागजातविहीन आप्रवासीहरूको एक प्रतिशतभन्दा कम क्यानाडाको सीमाबाट आउने कुरामा ट्रुडोले बारम्बार जोड दिएका छन् । ट्रम्पको धम्कीले प्रमुख निर्यातक देशहरूमा कम्पन पैदा गरेको छ । टोकियोमा केही समयका लागि तीन प्रतिशतको गिरावटसँगै शुक्रबारको सुरुमा एसियाली बजारहरू रातो रङमा थिए ।

### पारस्परिक शुल्क

फेन्टानिलमाथि कर लगाउनेबाहेक ट्रम्पले ट्रुथ सोसलमा तथाकथित पारस्परिक शुल्कका लागि अप्रिल २ को मिति 'पूर्ण बल र प्रभावमा रहने छ' भने । यी शुल्कहरू प्रत्येक अमेरिकी व्यापार साझेदारका लागि अनुकूलित हुने छन् । ट्रम्पले व्यापार मुद्दाहरूमा आह्वान गरेका अध्ययनहरू सरकारी निकायहरूले पूरा गरेपछि विवरणहरू आउने छन् ।

ग्रिरलाई लेखेको पत्रमा वाङले ट्रम्पले 'चीनलाई लक्षित गरी' धेरै व्यापार अनुसन्धानहरूको आह्वान गरेको र दुवै पक्षलाई संवादमार्फत आफ्ना मतभेदहरू समाधान गर्न आग्रह गरेको लेखेका छन् । बेइजिङले अमेरिकी फेन्टानिलसम्बन्धी चिन्ताहरूलाई अस्वीकार गरेको छ र वासिङ्टनले अन्य देशहरूमाथि शुल्क लगाउनुको साटो आफैं यो समस्या समाधान गर्नुपर्छ भनेको छ ।

संयुक्त राज्य अमेरिकामा सीधै लागुपदार्थ आपूर्ति गरिनुको साटो गत वर्ष कंग्रेसनल रिसर्च सर्भिसको प्रतिवेदनले उल्लेख गरेअनुसार अमेरिकातर्फ जाने फेन्टानिल चीनबाट आउने रासायनिक अग्रदूत पदार्थहरू प्रयोग गरेर मेक्सिकोमा बनाइएको देखिन्छ ।

केही अग्रदूतले अन्तर्राष्ट्रिय नियन्त्रणको सामना गरे पनि अन्य चीनजस्ता देशहरूबाट कानुनीरूपमा निर्माण र निर्यात गर्न सकिन्छ । फेब्रुअरीको सुरुमा चीनको विदेश मन्त्रालयले नयाँ शुल्कहरूले लागुपदार्थविरुद्धको सहकार्यलाई हानि पुऱ्याउन सक्छ भनी चेतावनी दिएको थियो । *रासस⁄एएफपी*

# भारतको मणिपुरमा लडाकुद्वारा लुटिएका हतियार समर्पण

**नयाँदिल्ली–** भारतको द्वन्द्वग्रस्त मणिपुर राज्यलाई नयाँदिल्लीको प्रत्यक्ष शासनअन्तर्गत राखिएको केही दिनपछि प्रतिद्वन्द्वी जातीय समूहहरूका मिलिसिया लडाकुहरूले सुरक्षा बलहरूबाट लुटिएका दर्जनौं बन्दुक र अन्य उपकरणहरू समर्पण गरेको प्रहरीले शुक्रबार बताएको छ ।

मणिपुर सन् २०२३ मेमा मुख्यतः हिन्दू मेइतेई बहुसंख्यक र मुख्यतः क्रिश्चियन कुकी समुदायबीच भएको घातक हिंसा फैलिएपछि जातीय रेखाहरूमा विभाजित भएको छ । भारतको युद्धग्रस्त म्यानमारसँगको सीमामा रहेको यस उत्तरपूर्वी राज्यमा कम्तीमा २६० जनाको मृत्यु भएको छ र दशौं हजार मानिस आफ्ना घरबाट भागेका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) का मुख्यमन्त्री एन बीरेन सिंहले आफ्नो सरकारले हिंसा रोक्न पर्याप्त काम नगरेको भन्दै आलोचना भएपछि यस महिना राजीनामा दिएका थिए । समुदायिक समूहहरूले उनको राजीनामा र त्यसपछि नयाँदिल्लीद्वारा प्रत्यक्ष शासन लागू गरिएकोमा स्वागत गरे र यसले पारस्परिक शंकाहरू र राज्य अधिकारीहरूद्वारा पक्षपातको प्रतिद्वन्द्वी जातीय समूहहरूका आरोपहरू अन्त्य गर्ने छ भन्ने आशा गरे ।

मणिपुर प्रहरीले शुक्रबार एक्समा शृंखलाबद्ध पोस्टहरूमा राज्यभरका जातीय मिलिसियाहरूले समर्पण गरेको ह्यान्ड ग्रेनेड, पेस्तोल, राइफल, हेलमेट, बुलेटप्रुफ ज्याकेट र गोलाबारुदका फोटोहरू साझा गरेको छ । गत हप्तामा कम्तीमा ३०७ हतियार हस्तान्तरण गरिएको प्रहरीले एक विज्ञप्तिमा जनाएको छ ।

'लुटिएका र गैरकानुनीरूपमा राखिएका हतियार र गोलीगट्ठा समर्पण गर्न अनुरोधले सकारात्मक प्रतिक्रिया प्राप्त गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'हतियारको यस्तो स्वेच्छिक समर्पणले मणिपुर राज्यमा शान्ति, साम्प्रदायिक सद्भाव र कानुनको पुनःस्थापनामा महत्त्वपूर्ण मद्दत गर्ने छ ।'

हतियार त्याग्नेहरूलाई आपराधिक अभियोग नलगाइने प्रहरीले बताएको छ । मेइतेई र कुकी समुदायहरूबीच लामो समयदेखि चलिरहेको तनाव भूमि र सार्वजनिक रोजगारीका लागि प्रतिस्पर्धाको वरिपरि घुम्छन् । अधिकारकर्मीहरूले स्थानीय नेताहरूलाई राजनीतिक लाभका लागि जातीय विभाजनहरू बढाएको आरोप लगाएका छन् ।

सरकारी तथ्यांकअनुसार हिंसाको प्रकोप हुँदा मणिपुरमा महिनौंसम्म इन्टरनेट सेवा बन्द गरिएको थियो र यसबाट लगभग ६० हजार मानिस आफ्नो घरबाट विस्थापित भएका थिए । निरन्तर तनावका कारण राज्यका हजारौं बासिन्दा अझै पनि घर फर्केका छैनन् । *रासस⁄एएफपी*

# युक्रेनी शरणार्थी भन्छन्– अझै शान्तिको महसुस गर्न सकिँदैन

**वार्सा–** रूसको आक्रमणको तीन वर्षपछि पनि ओल्गा शेइकोलाई युक्रेनी द्वन्द्वको छायाले लखेटिरहेको छ । भागेको पहिलो वर्षमा आफ्नो मानसिक तनाव (डिप्रेसन) का कारण शेइकोले आफ्नो शरीरमा २५ किलोग्राम (५५ पाउण्ड) तौल बढेको बताइन् । शरीरमा तौलको यो वृद्धिलाई उनी युद्धको कारण भएको मानसिक क्षतिलाई कारक मान्छिन् ।

'हामी सबै तनावसँग अभ्यस्त भइसकेका छौं, तर शरीरका स्रोतहरू असीमित छैनन्,'

## युद्धको मानसिक प्रभाव

४२ वर्षीया शेइकोले आफ्नो नयाँ घर वार्सामा एएफपीसँग भनिन् । युद्ध चौथो वर्षमा प्रवेश गरेता पनि शेइकोले किभ, ओडेसा र आफ्नो गृहनगर जापोरिजियामा आफ्नो परिवार र साथीहरूको अवस्थाबारे जानकारी लिन हरेक पलमा समाचार हेर्ने गर्छिन् । उनले एएफपीसँग भनिन्, 'युक्रेनका हरेक सहरमा गोलाबारी र विनास पुगिसकेको छ र भोलि के हुन्छ भन्ने तपाईंलाई थाहा छैन । अब के हुन्छ भन्ने विचारहरूले यहाँ बस्न गाह्रो बनाउँछ । विदेशमा भए पनि आराम महसुस हुँदैन र स्वदेशका घटनालाई टाढा रहेको कल्पना गर्न सकिँदैन किनभने हामी खराब समाचारको प्रत्याशामा बाँचिरहेका छौं ।'

### "म रिसमा भागेँ"

हाल पोल्याण्डमा रहेका नौ लाख युक्रेनी शरणार्थीमध्ये ९० प्रतिशत महिला र बालबालिका छन् । उनीहरूको मानसिक स्वास्थ्य अवस्था उनीहरूको अनुभव, अनुकूलन गर्ने क्षमता र तिनीहरू कहाँबाट आएका हुन् भन्ने आधारमा फरक-फरक हुन्छ ।

धेरै निर्वासितहरू अझै पनि अलमलमा परेका छन् र उनीहरूले आफ्नो अवस्था बुझ्न सकेका छैनन् । वार्सामा मनोवैज्ञानिक सहायता कार्यशाला सञ्चालन गर्ने मनोचिकित्सक टेटियाना मोइसेइभा भन्छन्, 'युद्धको सुरुमा तनाव तीव्र थियो ।' युद्ध चर्किंदै जाँदा महिलाहरू 'सञ्चित थकान' सँग जुधिरहेका छन् । 'शरणार्थीको बसाइ गाह्रो कुरा हो: यो वातावरण मनोवैज्ञानिक रूपमा अत्यन्त उराठलाग्दो छ र यसले मानसिक समस्या र रोगहरू निम्त्याउँछ,' उनले भने ।

कार्यशालाहरूमा सहभागीहरू एक सर्कलमा बस्छन् र आफ्ना भावनाहरू आदानप्रदान गर्छन् । यो एउटा यस्तो अभ्यास हो जसले प्रायः रोकिएका आँसुलाई झारिदिन्छ र उनीहरूको मन हलुंगोको बनाइदिन्छ । किएभकी २३ वर्षीया युवती डायना सोजोनोभाजस्तै उनी र अन्य कयौं शरणार्थी महिलाले आफूले सामना गरिरहेका धेरै दमित आघातको प्रभावको सामना गर्न एन्टिडिप्रेसेन्ट्स (औषधि)को सहारा लिएको बताइन् । उनी यसअघि पनि गम्भीर डिप्रेसनको सिकार भएकी थिइन् । युद्धको प्रकोपले यसलाई पुनः बल्झायो ।

सोजोनोभाले एएफपीसँगको कुराकानीमा भनिन्, 'मलाई आत्महत्या गर्ने विचार आउन थाल्यो ।' उनले युक्रेन फर्कने योजना बनाइन्



तर चिन्ताले बाधा पुऱ्यायो, पछिल्लोपटक उनले आफ्नो देशको अपेक्षाकृत सुरक्षित पश्चिमी भागको भ्रमण गर्दा एक अक्षम डरलाई माथ गरेको र आफूलाई लामो समयपछि साहस प्रदान गरेको बताइन् । 'मलाई लाग्थ्यो कि क्षेप्यास्त्रले मलाई लाग्न सक्छ र मेरो मृत्यु हुन सक्छ तर के भो त ?,' उनले भनिन्, 'आखिर मेरो रगत मेरो जन्मभूमिमा बग्ने छ । मेरो दुष्ट सत्रुलाई लाग्ने छ उनीहरूको क्षेप्यास्त्र हान्ने सिपाहीकोभन्दा विष्फोटक पदार्थको छर्रा लागेर मृत्युवरण गर्ने मेरो शरीरमा कति धेरै साहस र आत्मसम्मान छ भनेर ।'

३७ वर्षीया ओल्गा पोलियोझ्निचा छोराको भविष्यका लागि आफ्नो तीन वर्षीय छोरालाई लिएर किएभबाट भागेकी थिइन् । अहिले दुई बेडरुमको आरामदायी फ्ल्याटमा बसेकी उनी युक्रेनको एक विज्ञापन एजेन्सीका लागि अनलाइनमा काम गर्छिन् । उनले भनिन्, 'देशमा स्थिरताको यात्रा कठिन थियो । म रिसले दगुरेँ, तर एक वर्षपछि मैले त्यसो गर्न सकिनँ ।'

दक्षिणी युक्रेनको खेर्सनका पोलियोझ्निचाले भनिन्, 'अहिले म सुरक्षित छु तर दगुर्न सक्दिनँ । किनकि यहाँको एक्लो बसाइले मलाई मानसिक पीडा दियो र शरीरमा रोग निम्त्यायो । मलाई डिप्रेसन भएको छ । औषधि खानुपर्छ । शक्ति पनि क्षीण भएको छ ।'

जब युक्रेनमा आक्रमण भइरहेको थियो । सबै गाउँ छोड्दै हिँडिरहेका थिए । त्यसै क्रममा मलाई एउटा सोच आयो, 'मेरो एउटा बच्चा छ । यसका लागि केही गर्नुपर्छ यसले मलाई हेर्छ भन्ने महसुस गरेँ । बच्चा लिएर भागेँ र यहाँ शरणार्थीका रूपमा बसिरहेकी छु ।' 'युक्रेनका मानिसहरूले यहाँ दुःख भोग्नु परे पनि उनीहरूलाई हेर्दा आफूले अझ राम्रो गरिरहेको जस्तो लाग्छ,' आफ्नो दुःख बिर्सने कोसिस गर्दै उनले भनिन् । तर दिनरातको कोठाको बसाइ । परिवार र गाउँलेसँगको बिछोड । गाउँमा सत्रुका सेना परेड खेलेका टेलिभिजन दृश्यजस्ता तीव्र तनावसँगै समय बित्दै जाँदा उनी अहिले डिप्रेसनको सिकार भएकी छन् ।

पोलियोझ्निचाले भनिन्, 'म मद्दत चाहन्थें, तर मसँग रुने कोही थिएन । म मेरो बच्चाजस्तै हुन चाहन्छु । ऊ रोइरहँदा मलाई पनि डाँको छोडेर रून मन लाग्छ, म पनि रुन चाहन्छु, भुइँमा सुत्न चाहन्छु, र रिसमा मेरो खुट्टा पिट्न चाहन्छु । तर एकोहोरो सोचिरहेकी म त्यसो गर्न सक्दिनँ । घरीघरी मलाई मेरो मनले सम्झाउँछ । अनि सम्हालिन्छु, औषधि लिन्छु र सबै बिर्सने कोसिस गर्छु ।'

### 'दुई झ्याल नै साथी'

वार्सास्थित युक्रेनी महिला क्लबकी संयोजक मेरिना माजुराकले शरणार्थीमा मनोवैज्ञानिक सहयोगको माग सधैं हुने गरेको बताइन् । 'प्रायः सबै महिला एकैपटक दुई ठाउँमा बस्छन् । वास्तवमा उनीहरू जहाँ हुन्छन् कल्पनामा त्यो भन्दा धेरै टाढा । आफ्नै गाउँ र परिवेशमा ।'

'यो कम्प्युटर स्क्रिनमा दुई विन्डो खोल्नुजस्तै हो: यहाँ युक्रेन छ, यहाँ पोल्याण्ड छ, र यो सबै जडान गर्न धेरै गाह्रो छ,' उनले भनिन् । उनको क्लबले लगभग हरेक दिन कार्यक्रम गर्दछ र निःशुल्क स्थानहरू घोषणा गरिएको केही मिनेटभित्र कार्यक्रमस्थल भरिन्छ । किनकि, त्यहाँ यस्ता कार्यक्रमको खोजीमा हजारौं व्यक्ति रहेका छन् ।माजुराकले भनिन्, 'सबै भावनात्मक र मनोवैज्ञानिक आत्मनियमनमा मद्दत गर्ने उद्देश्य राख्ने आर्ट थेरापी, शिल्प, शारीरिक गतिविधिहरूले उनीहरूलाई साहस दिन्छ । बाँच्न कला सिकाउँछ र दुःखलाई बिर्सने प्राकृतिक शक्ति पनि दिन्छ ।'

किएभको सेनाका लागि छद्म जाल बुन्न हरेक हप्ता भेला हुने महिलाहरूको एउटा समूह विशेषगरी नजिक भएको छ । उनीहरूले गत वर्ष स्वयंसेवकहरूसँगै क्रिसमस मनाएका थिए । शेइकोका लागि, सबै युक्रेनी शरणार्थी महिलाहरूमा केही समानता छ: 'हामी सबैले शान्ति, काम, परिवार र हानि अनुभव गरेका छौं ।' उनले भनिन्, 'खाली समय र प्रदर्शनीको रमाइलोले कुनै समय आफ्नो जीवनका लागि अर्थ ल्यायो, तर तिनीहरूको महत्त्व सकियो,' उनले थपिन्, 'अब, खाना खानु, परिवारसँग सम्पर्कमा रहनु र आफ्नो घरको ओतमा बस्नुमात्र महत्त्वपूर्ण छ ।' *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६८१०० | प्रति तोला - ० | प्रति तोला - १९१५ |





## 'नेपाल र जापानबीच आयात-निर्यातको सम्बन्ध विकसित हुन थालेको छ'

■ प्रभाव संवाददाता



**काठमाडौं-** प्रधानमन्त्री केपी शर्मा ओलीले तेस्रो नेपाल-जापान फ्रेन्डसिप समिट-२०२५ का माध्यमबाट दुई देशबीचको सम्बन्ध अझ विस्तार गर्न टेवा पुग्ने बताएका छन् ।

सो समिटमा सहभागी हुन नेपाल आएका जापानी टोली र नेपाली समन्वयकर्ताहरूसँग शुक्रबार प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री ओलीले नेपाल र जापानबीच सरकार-सरकार र जनता-जनताबीचको लामो सम्बन्ध अब आयात-निर्यातमा पनि विकसित हुन थालेको बताए ।

'नेपालीहरू राम्रो रोजगारीका लागि जापान पनि गएका छन् । नेपालको फापर जापान पुगेको छ । जापानबाट गोल्डेन ट्राउड नेपाल भित्रिएको छ । जनस्तरका यस्ता असल सम्बन्धका अनेक आयामहरू छन्', प्रधानमन्त्री ओलीले भने, 'हामीबीच अब्बल मित्रता छ । खाली मित्रताबाहेक अरु केही छैन । हाम्रो सम्बन्ध साकुराजस्तै लटरम्म भएर फुलेको छ । समस्यारहित यो सम्बन्ध तथा विकासको साझेदारीलाई सूचना प्रविधिको सहयोगमा उचाइका साथ अगाडि बढाउनुपरेको छ ।'

प्रधानमन्त्री ओलीले युद्धले विनाश र शान्तिले विकास दिन्छ भन्ने उदाहरण जापानले प्रस्तुत गरेको उल्लेख गर्दै विश्वमा शान्ति छाओस् भन्ने आफूहरूको प्रबल इच्छा र सक्रिय प्रयास रहेको बताए । एक दशकभन्दा बढी समयदेखि उद्यमशीलता प्रवर्द्धन र व्यावसायिक मार्गदर्शनमा सक्रिय रहेको आइडिया स्टुडियो नेपालअन्तर्गतको समूहद्वारा सञ्चालित लिडएक्स नेपाल र फोर्थ लिभायेको आयोजनामा यही फागुन १४ देखि १६ गतेसम्म नेपालमा समिट आयोजना गरिएको हो ।

## प्राधिकरणको नाफा ६ महिनामा ११ अर्ब ३६ करोड

■ प्रभाव संवाददाता




**काठमाडौं-** नेपाल विद्युत प्राधिकरणले चालू आर्थिक वर्ष (आव) ०८१/८२ को पहिलो ६ महिनामा ११ अर्ब ३६ करोड रूपैयाँ नाफा कमाएको छ । सूचनाको हकसम्बन्धी ऐनको व्यवस्था बमोजिम सार्वजनिक गरिएको (स्वतः प्रकाशन) विवरणअनुसार प्राधिकरणले यस अवधिमा विद्युत बिक्री, ब्याज तथा अन्यबाट कुल ७० अर्ब ४४ करोड रूपैयाँ आम्दानी गरेको छ ।

विद्युत् खरिद, प्रशासनिक, विभिन्न आयोजनाहरूलगायतमा जम्मा ५९ अर्ब आठ करोड रूपैयाँ खर्च गरिएको छ । यसरी चालू आवको साउनदेखि पुस मसान्तसम्ममा प्राधिकरणको अप्रशोधित नाफा (करकट्टी गर्नुअघि) ११ अर्ब ३६ करोड रूपैयाँ हुने प्रक्षेपण गरिएको छ ।

आव ०७२/७३ मा आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षहरूबाट निरन्तर नाफामा छ । गत आव ०८०/८१ मा प्राधिकरणले १४ अर्ब ४६ करोड रूपैयाँ नाफा आर्जन गरेको थियो । आफूले कमाएको नाफाबाट प्राधिकरणले विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार एवं सुदृढीकरण र विद्युतीकरणतर्फका आयोजनाहरूमा लगानी गरिरहेको छ ।

प्राधिकरणले चालू आवको ६ महिनामा विद्युत बिक्रीबाट ५३ अर्ब १८ करोड रूपैयाँ संकलन गरेको छ । यस अवधिमा प्राधिकरणका सहायक तथा सम्वद्ध कम्पनीहरूवाट एक अर्ब १५ करोड र अन्य निजी उत्पादक कम्पनीहरूवाट पाँच अर्व १६ करोड गरी जम्मा ६ अर्ब ३१ करोड युनिट विद्युत खरिद गरिएको छ ।

नेपाल-भारत-चीन प्रदर्शनी

## अन्तर्राष्ट्रिय पर्यटन र व्यापारमा नयाँ अवसर

■ प्रभाव संवाददाता

**पोखरा-** पर्यटन राजधानी पोखरामा पहिलोपल्ट आयोजना भएको नेपाल, भारत, चीन प्रदर्शनी, २०२५ नेपाललाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने नयाँ अवसर भएको सरोकारवालाले बताएका छन् । प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरको अगुवाइ 'नाइस फर माइस एण्ड मोर' भन्ने नारासहित पर्यटकीय सहर पोखरामा सम्पन्न तीनदिने प्रदर्शनीले तीन देशको पर्यटन उद्योगलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने महत्वपूर्ण अवसर उपलब्ध गराएको पाटाका सदस्य तथा कार्यक्रम संयोजक सुनीलबहादुर भट्टराइले बताए ।

'तीन देशका व्यवसायी र उद्योगलाई एकै स्थानमा ल्याएर व्यापारिक सम्बन्ध विस्तार गर्ने एउटा राम्रो अवसर मिल्यो र कार्यक्रम उद्देश्यअनुसार नै सफल भयो', उनले प्रदर्शनीभर व्यापार सम्झौता र नयाँ साझेदारीको नवीनतम सोच र प्रदर्शन भएको बताए । प्रदर्शनीबाट महत्वपूर्ण सञ्जाल विस्तार र साझेदारीको अवसर प्राप्त गरेको उनको भनाइ थियो ।

तीन देशका उद्योगलाई आर्थिक सञ्जालको सुदृढीकरण गर्दै, व्यापार र लगानीको नयाँ अवसर सिर्जनाका लागि थप सहजता प्रदान गरेको उनले उल्लेख गरे । पाटाका सदस्य दिनेश महर्जनले प्रदर्शनीमा ८५ भन्दाबढी अन्तर्राष्ट्रिय खरिदकर्ता, एक सय ५० बिक्रेता र ७५ अन्तर्राष्ट्रिय प्रतिनिधि सहभागी रहेको बताए । साथै त्यसअवसरमा छ सयभन्दा बढी प्रतिनिधिहरू सहभागी थिए ।

पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले पोखरा अब अन्तर्राष्ट्रिय व्यापारिक तथा पर्यटन प्रदर्शनीको केन्द्र बन्दै गएको बताए । 'यस प्रदर्शनीले नेपालमा पर्यटक संख्यामा वृद्धिसँगै व्यापारिक अवसरहरू सिर्जना गरेको छ', उनले भने, 'हामीले पोखरा भ्रमण वर्ष २०२५ घोषणा गरेका छौँ, अहिले विभिन्न कार्यक्रमले पोखराको पर्यटकीय गतिविधि चलायमान भएको छ ।' उनले छिमेकी मुलक भारत र चीनका पर्यटकलाई नेपाल भित्र्याउन सके नेपालको अर्थतन्त्रलाई मजबुत बनाउन सकिने धारणा राखे ।

उनले भने, 'पोखरा भ्रमण वर्ष सफल पार्न माइस पर्यटनमा महानगरले जोड दिएको छ । यो प्रदर्शनीले यसलाई थप मजबुत बनाएको छ ।' उनले पोखरा प्राकृतिक सुन्दरतासँगै अन्तर्राष्ट्रिय कार्यक्रमहरू आयोजना गर्ने सम्भावनालाई थप्दै लगेको र यसले नयाँ लगानी भित्र्याउने, पर्यटन पूर्वाधारको विकास गर्ने र रोजगारी सिर्जना गर्ने बताए ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारनाथ पहारीले यस्ता अन्तर्राष्ट्रिय कार्यक्रमहरूले पोखराको पर्यटन अर्थतन्त्रलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा टेवा पुऱ्याउने बताए । उनले भने, 'पोखराको विशेषतालाई उजागार गरेर पर्यटन प्रवर्द्धन गर्ने हामी लागेका छौँ, यस प्रदर्शनीले पोखरालाई विश्वव्यापी पर्यटन केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्नेछ ।' उनले यस कार्यक्रमले आउने दिनमा अन्तर ाष्ट्रिय उडान विस्तार, पूर्वाधार सुधार र पर्यटनसम्बन्धी विभिन्न क्षेत्रमा दीर्घकालीन फाइदा पुग्ने बताए । स्थानीय व्यवसाय, होटल-रेस्टुरेन्ट, ट्राभल एजेन्सी, साना तथा ठूला उद्यममा सकारात्मक प्रभाव पार्ने उनको भनाइ छ ।

कार्यक्रममा 'भिसा सहजीकरण, दिगो पर्यटन र आतिथ्य सेवा' जस्ता विषयमा विज्ञहरूसँग अन्तरक्रिया गरिएको थियो । साथै बी२बी बैठक, प्रदर्शनी र व्यवसाय सञ्जाल विस्तारका कार्यक्रमहरूले अन्तर्राष्ट्रिय व्यापार तथा पर्यटन प्रवर्द्धनलाई विषयलाई प्राथमिकता दिइएको थियो ।

## हावाहुरीबाट लाखौंको केराखेतीमा क्षति

**इनरूवा (प्रस)-** सुनसरी भोक्राहा नरसिंह गाउँपालिका-२ का जब्बार मियाँले भोक्राहा र इनरूवा-८ डुम्रहाको बङकुलवामा १४ बिघा क्षेत्रफलमा सामूहिक केराखेती गरेका छन् । करिब रू ५० लाखको लागतमा जनमजदुर, खाद्यमल, बीउको अभावलगायत समस्याको बाबजुद केराखेती गरेका हुन् । नगदेबाली केराखेतीबाट राम्रो आम्दानी हुनेमा मियाँ निश्चिन्त थिए ।

मियाँ जस्तै खुर्सीद अन्सारीले दुई बिघामा केराखेती गरेका छन् । रू नौ लाख लागतमा उनले केराखेती गरेका थिए । उनी पनि लगानीसहित नाफा लिने विश्वासका साथ केराको रेखदेख गर्दै थिए ।

तर केही दिनअघिको हुरीबतासले केराखेतीमा क्षति पुऱ्याँदा उनीहरू निरास भएका छन् । केराखेतीमा गरिएको लगानीअनुसार प्रतिफल आउने निश्चिन्त भए पनि असिनापानीसँगै आएको हावाहुरीले केराखेतीमा ठूलो क्षति भएको उनीहरूले जानकारी दिए ।

उनीहरू दुवै जना सुनसरीका लागि उदाहरणको पात्रमात्र छन् । दुई दिन लगातार असिनापानीसँगै आएको हुरीबतासका कारणले सुनसरीका अधिकांश किसानको केराखेतीमा क्षति भएको कृषि ज्ञान केन्द्र इनरूवा सुनसरीले जनाएको छ । गत आइतबार राति र सोमबार साँझको हुरीबतासले खेतमा लगाएको केराको बोट ढलेर ठूलो क्षति भएको छ । स्थानीय किसानले ऋण लिएर गरेको केराखेतीमा एकैपटक यस्तो ठूलो हावाहुरी आएकाले लाखौँको लगानी डुबाउनेगरी क्षति भएको गुनासो स्थानीय किसानले गरेका छन् ।

सुनसरी सदरमुकाम इनरूवासहित दक्षिणवर्ती क्षेत्रमा पटक-पटक आएको ठूलो हुरीले केराखेतीसहित गहुँ र मकैखेतीमा पनि क्षति भएको स्थानीय किसानले बताएका छन् । इनरूवासहित, गढी गाउँपालिका, भोक्राहा नरसिंह, हरिनगर र देवनागञ्ज क्षेत्रका केरा बगानका लगभग सबै केराका बोट ढलेकाले क्षति भएको स्थानीय किसान जब्बर मियाँले बताए ।

दुई महिनापछि बजार लान मिल्ने अवस्थामा रहेका केरा ढलेर नोक्सान हुँदा किसानको आर्थिक क्षति भएको इनरूवा केरा पकेट समितिका अध्यक्ष हरि मेहताले बताए । इनरूवामा मात्रै सय बिघा क्षेत्रफलमा केराखेती भइरहेकामा अधिकांश केरालाई हुरीबतासले नोक्सान गरेको उनले बताए । करिब रू एक करोड बराबरको केराखेती ढलेर नोक्सान भएको मेहताले बताए ।

एकातिर फल्न लागेको केरामा क्षति अर्कातिर ढलेका बोट हटाएर नयाँ केरा लगाउन जमिन तयार गर्न नै अब प्रतिबिघा लाखौँ खर्च गर्नुपर्ने किसानको भनाइ छ । हुरीबतासले केराखेतीमा अहिलेसम्मकै ठूलो नोक्सानी भएको किसान श्यामकुमार यादवले दाबी गरे । सुनसरीमा वार्षिक रूपमा पाँच सय २० हेक्टर अर्थात् एक हजार बिघामा केराखेती हुँदै आएको कृषि ज्ञान केन्द्रका प्रमुख निलकमल सिंहले जानकारी दिए ।

## महसुल नतिर्नेको लाइन काटियो

**तुलसीपुर (प्रस)-** नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र तुलसीपुरले महसुल भुक्तानी नगर्ने ग्राहकको लाइन काट्न थालेको छ ।

तीन महिनाभन्दा बढी समयदेखि महसुल नतिर्ने आठ सय ८८ ग्राहकको लाइन काटिएको वितरण केन्द्र प्रमुख शिव नारायण गोशलीले जानकारी दिए । उनले माघ मसान्तसम्म बक्यौता तिर्न ९० दिन कटिसकेका ग्राहकको लाइन काटिएको बताए । भुक्तानी नतिरेको ६० दिन पुगेपछि लाइन काट्ने व्यवस्था छ । यहाँ भने ९० दिनपछि लाइन काटिएको हो । लाइन काटिएका आठ सय ८८ ग्राहकबाट रु ४२ लाख ४२ हजार १९९ उठाउन बाँकी छ । यीबाहेक एक हजार ७३३ ग्राहकबाट रु तीन करोड १३ लाख ९२ हजार ३३६ बक्यौता उठ्न बाँकी रहेको वितरण केन्द्र प्रमुख गोशलीले जानकारी दिए ।

नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व परामर्श समिति, २०८१ को
**सूचना**
प्रकाशन मितिः २०८१/११/१७

आगामी आर्थिक वर्ष २०८२/८३ को आर्थिक ऐन तर्जुमा गर्दा अवलम्वन गर्नुपर्ने राजस्व नीतिका साथै भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर एवं राजस्व चुहावट नियन्त्रण लगायत समग्र राजस्व प्रशासनमा गर्नुपर्ने सुधारका विषयमा मिति २०८१ चैत्र ३१ गतेसम्ममा सुझाब उपलब्ध गराईदिनुहुन निजी क्षेत्र, सरकारी निकाय एवं सरोकार राख्ने सबैमा राजस्व परामर्श समिति हार्दिक अनुरोध गर्दछ ।

**सुझावहरु निम्न ठेगानामा पठाउन सकिनेछः-**
(१) राजस्व परामर्श उपसमिति, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
e-mail: rmd@mof.gov.np
(२) विषयगत सुझाव निम्न उपसमितिहरुमा पठाउन सकिनेछः-
**(क) आन्तरिक राजस्व उपसमितिः**
आन्तरिक राजस्व विभाग, लाजिम्पाट e-mail: policyird@ird.gov.np वा dgpa@ird.gov.np
**(ख) भन्सार उपसमितिः**
भन्सार विभाग, त्रिपुरेश्वर, e-mail: tariff@customs.gov.np वा dg@customs.gov.np
**(ग) उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमितिः**
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, email: ipdivision@moics.gov.np वा info@moiecs.gov.np
**(घ) राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमितिः**
आर्थिक नीति विश्लेषण महाशाखा, अर्थ मन्त्रालय सिंहदरबार,
email: epad@mof.gov.np
**(ङ) कृषि, उर्जा तथा पर्यटन क्षेत्र उपसमितिः**
योजना, अनुगमन तथा मुल्याङ्कन महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
e-mail: moev@mof.gov.np
**(च) बैंक, वित्तीय सस्था, वीमा, सहकारी तथा पूँजी बजार उपसमितिः**
वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
email: fsmd@mof.gov.np
**(छ) गैरकर तथा अन्तर सरकारी राजस्व व्यवस्थापन उपसमितिः**
वित्तीय संघीयता समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
email: ffcd@mof.gov.np
**(३) अर्थ मन्त्रालय अन्तर्गतका सम्बन्धित विभाग तथा कार्यालयहरुः**

## हस्तकला महासंघको तीन वर्षे रणनीति तय

■ प्रभाव संवाददाता




**काठमाडौं-** नेपाल हस्तकला महासंघले योजना तथा कार्यक्रम र रणनीति तय गरेको छ । महासंघका नव निर्वाचित अध्यक्ष रविन्द्र शाक्यले त्रिवर्षिय योजना सहितको मार्ग चित्रमा हस्तकला दिवसलाई राष्ट्रिय मान्यता दिलाउने, हस्तकला नीतिलाई पुनरावलोकन गरी नेपाल सरकारबाट स्वीकृत गराउने, हस्तकला वस्तुको आन्तरिक बजार विकासको लागि नेपाल सरकारका निकायहरूबाट हस्तकला वस्तुको अधिक उपयोग गराउन पहल गर्ने, सार्वजनिक खरिद ऐनलाई व्यवहारिक बनाई हस्तकला वस्तु नेपाल सरकारमा आपूर्ति गर्न सहज वातावरण बनाउने, १२ अरवको निर्यात ब्यापार सोही रकम बराबरको आन्तरिक विक्री र ११ लाख भन्दा बढि ब्यक्ति प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्न रहेको हस्तकला उद्योग ब्यवसायलाई हेर्ने छुट्टै विभाग स्थापनाको लागि पहल गर्ने, अनलाईन भुक्तानी प्रणालीलाई सरल तुल्याउने, हस्तकला वस्तुको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनको लागि संभाब्य देखिएका देशहरूमा एक देशिय मेला आयोजना गर्ने, हस्तकला ग्राम र सार्क हस्तकला विकास केन्द्रको स्थापना र संचालनमा नेतृत्वदायी भूमिका खेल्ने, हस्तकला वस्तुको निकासीमा विजक मूल्याङ्कनलाई अनिवार्य तुल्याउने, महासंघको संस्थागत विकासमा विशेष जोड दिने आदि विषयवस्तुहरू समेटेका छन् ।

सो गोष्ठीमा महासंघका विभिन्न ७ वटा परिषद्हरूले आ-आफ्नो तीन वर्षको कार्ययोजना सम्बन्धित परिषद्का सभापतिहरू वरिष्ठ उपाध्यक्ष तथा उपाध्यक्षहरूले प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी सचिवालयको कार्य योजना तथा हाल रहेका महासंघका महत्वपूर्ण परियोजनाहरूको प्रस्तुतिकरण महानिर्देशकबाट गरिएको थियो ।

अध्यक्ष तथा परिषद्का सभापतिहरूबाट प्रस्तुत ३ वर्षका मार्ग चित्र तथा परिषद्हरूका कार्य योजना तथा कार्यक्रम एवं सचिवालयको कार्य योजना माथि गोष्ठीमा सहभागी भएका महासंघका पूर्व अध्यक्षहरू बगमती प्रदेश हस्तकला संघ, जिल्ला हस्तकला संघ, वस्तुगत संघका अध्यक्ष तथा प्रतिनिधिहरू, नियातकर्ता, कलाकारहरूबाट आवश्यक पृष्ठपोषण प्राप्त गरि अध्यक्षको मार्ग चित्र र परिषद् तथा सचिवालयको आगामी तीन वर्षिय योजना तथा कार्यक्रमलाई अन्तिम रूप प्रदान गरिएको थियो ।

गोष्ठीमा प्रमुख अतिथि तथा वक्ताको रूपमा महासंघका पूर्व अध्यक्ष इन्द्र बहादुर शाक्यले गोष्ठीको उद्घाटन गर्दै महत्व र ब्यवहारिक कार्य योजना एवं महासंघको आर्थिक सवलिकरण माथि आफ्नो धारण राखेका थिए ।

गोष्ठीमा औंल्याइएका महत्वपूर्ण पृष्ठपोषण सुझाव सहितको निस्कर्ष अध्यक्ष रविन्द्र शाक्यले प्रस्तुत गरेका थिए । गोष्ठीमा, कार्य समिति, पूर्व अध्यक्षहरू, जिल्ला तथा वस्तुगत संघ निर्यातकर्ता, उद्यमी ब्यवसायी कलाकार, कर्मचारी सहित करिव ७० जनाको सहभागिता रहेको थियो । गोष्ठीको सहजीकरण महानिर्देशक उत्तम प्रसाद देवकोटाबाट गरिएको थियो ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ